# हाम्रो गौरव मायादेवी

## स्थानीय विषयको पाठ्यक्रम-२०८०

**मायादेवी गाउँपालिका**

रुपन्देही

लुम्बिनी प्रदेश, नेपाल

# प्राक्कथान

विद्यार्थी स्थानीय परिवेशका बारेमा पनि जानकार हुन आवश्यक भएकाले स्थानीय परिवेश, रहनसहन, प्राकृतिक, धार्मिक तथा सांस्कृतिक स्रोतसाधनको पहिचान गरी त्यसको महत्वलाई बुझाउन मायादेवी गाउँपालिकाले स्थानीय आवश्यकताका विषयवस्तुलाई समेटेर स्थानीय विषयको पाठ्यकम **हाम्रो गौरव मायादेवी** (कक्षा १-८, २०८०) निर्माण गरी प्रकाशनसँगै गाउँपालिका क्षेत्रभित्रका सम्पूर्ण विद्यालयमा लागु गर्न लागेकामा मलाई अत्यन्तै खुसी लागेको छ ।

यस गाउँपालिकामा विभिन्न महत्वपूर्ण शैक्षिक, धार्मिक, सांस्कृतिक केन्द्रहरू रहेको, बहुजातीय, बहुभाषिक संस्कृति भएको, यस्तो पहिचानलाई औपचारिक विद्यालय शिक्षामा समावेश गरिएकाले यो पाठ्यक्रम महत्वपूर्ण रहेको छ । यसका लागि स्थानीय स्तरमा व्यक्ति, समुदाय र सरोकारवाला निकायहरूसँग समन्वय र सहकार्य गरी स्थानीय सम्पदाको महत्वलाई शिक्षाको मूलाधारमा ल्याउन गरिएको प्रयास उदाहरणीय रहेको छ । यस पाठ्यक्रमले आधारभूत तहमा (कक्षा १-८) अध्ययनरत विद्यार्थी लगायत स्थानीय समुदायलाई समेत आफ्नो प्राकृतिक, धार्मिक, सांस्कृतिक, ऐतिहासिक तथा भाषिक सम्पदाहरूको संरक्षण र सम्बर्धन गर्दै भविष्यमा आइपर्न सक्ने प्रकोप र विपद्का असरहरू न्यूनीकरण गर्नसमेत अभिप्रेरित गर्ने छ भन्ने मैले विश्वास राखेको छु । स्थानीय पेसा, प्रविधि तथा सम्पदाको आवश्यकता र महत्वलाई बुझेर यस पाठ्यक्रमको लेखन तथा सम्पादनमा संयोजन गर्नुहुने पालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाप्रति धन्यवाद ज्ञापन गर्दछु ।

पाठ्यक्रम निर्माणमा लागि प्राविधिक सहकार्य गर्ने संस्था नेपाल प्राज्ञिक अध्ययन अनुसन्धान केन्द्र, तिलोत्तमा, रूपन्देही र विज्ञ समूहका सदस्यहरू डा. शालिकराम पौड्याल, डा. प्रेमप्रसाद तिवारी, दिनेश पन्थी  (दर्शनाचार्य), टंकप्रसाद पौडेल र मोतीराज गौतमलाई विशेष धन्यवाद ज्ञापन गर्दछु ।  पाठ्यक्रम निर्माणका क्रममा रचनात्मक तथा अमूल्य राय सुझाव प्रदान गर्नुहुने विभिन्न विद्यालयका प्रधानाध्यापकज्यू, अन्तरक्रिया कार्यक्रममा सक्रिय सहभागी हुने शिक्षक, अभिभावक, शिक्षाप्रेमी एवम् सम्पूर्ण सरोकारवालाप्रति धन्यवाद ज्ञापन गर्दछु । यसैगरी उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, शिक्षा, युवा तथा खेलकुद शाखाका प्रमुख, लेखा शाखा प्रमुख, प्राविधिक सहायक, वडाध्यक्ष एवम् कार्यपालिकाका सदस्य, स्थानीय शिक्षाविद्, शिक्षाप्रेमी सम्पूर्ण महानुभावहरूले आआफ्नो क्षेत्रबाट पुऱ्याउनु भएको सहयोगप्रति आभार प्रकट गर्दछु । यस पाठ्यक्रम निर्माणको सुरुवाती चरणबाट अन्त्यसम्म सहभागी भई सुझाव दिनुभएकामा विषयविज्ञहरूप्रति पनि कृतज्ञता ज्ञापन गर्दछु ।

अन्त्यमा पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गरी त्यस क्रममा देखिने कमी कमजोरी औंल्याई निरन्तर परिमार्जन र सुधारका लागि पृष्ठपोषण प्रदान गरिदिनहुन सम्बन्धित सबै सरोकारवालामा गाउँपालिका हार्दिक अनुरोध गर्दछ ।

ध्रुवनारायण चौधरी<br>
अध्यक्ष<br>
मायादेवी गाउँपालिका,<br>
रूपन्देही

**हाम्रो गौरव मायादेवी**

**स्थानीय विषयको पाठ्यक्रम**

**स्थानीय विषयको पाठ्यक्रम निर्माण समिति**

**अध्यक्ष**

ध्रुवनारायण चौधरी (गाउँपालिका अध्यक्ष)

**सदस्यहरू**

नर्वदादेवी उपाध्याय (गाउँपालिका उपाध्यक्ष)

सुरेश भण्डारी  (प्रमुख प्रशासकीय अधिकृत)

रामप्रसाद भट्टराई (लेखा अधिकृत)

शैलेन्द्रकुमार पाण्डे (सामाजिक विकास समिति संयोजक)

**सदस्य सचिव**

नारायणप्रसाद लामिछाने (शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख)

**विज्ञसमूह**

डा. शालिकराम पौड्याल

डा. प्रेमप्रसाद तिवारी

दिनेश पन्थी (दर्शनाचार्य)

टंकप्रसाद पौडेल

मोतीराज गौतम

**विशेष सहयोग**

मधुसुदन बेल्बासे

**मायादेवी गाउँपालिका**

**लुम्बिनी प्रदेश, रूपन्देही**

# विषय सूची


| क्र.सं. | विषय | पेज नं. |
|---|---|---|
| | **पहिलो परिच्छेद<br>परिचय** | |
| १.१ | मायादेवी गाउँपालिकाको परिचय | १ |
| १.२ | पाठ्यक्रमको परिचय | १ |
| १.३ | स्थानीय पाठ्यक्रमको अवधारणा | २ |
| १.४ | स्थानीय पाठ्यक्रमको महत्व र विशेषता | ३ |
| १.५ | स्थानीय पाठ्यक्रम निर्माणको औचित्य | ४ |
| १.६ | पाठ्यक्रम विकासमा अवलम्बन गरिएका सिद्धान्त तथा प्रक्रिया | ५ |
| | **परिच्छेद दुई<br>विषयक्षेत्र र विषयवस्तुको विस्तृतीकरण** | |
| २.१ | स्थानीय पाठ्यक्रमको ढाँचा र विषयक्षेत्र | ६ |
| २.२ | आधारभूत तहको तहगत सक्षमता | ६ |
| २.३ | विषयवस्तुको क्षेत्र, क्रम र विस्तृतीकरण | ९-३५ |
| | **तेस्रो परिच्छेद<br>प्रक्रिया, विधि र मूल्याङ्कन** | |
| ३.१ | स्थानीय पाठ्यक्रम विकास एवम् कार्यान्वयनमा विभिन्न निकायको भूमिका | ३६ |
| ३.२ | सिकाइ सहजीकरण क्रियाकलाप | ३७ |
| ३.३ | कक्षा १ देखि ३ सम्मका लागि सिकाइ सहजीकरण विधि र प्रक्रिया | ३७ |
| ३.४ | कक्षा ४-८ को शिक्षण सहजीकरण विधि र प्रक्रिया | ४० |
| ३.५ | मूल्याङ्कन प्रक्रिया | ४ |

# पहिलो परिच्छेद

# परिचय

## १.१ मायादेवी गाउँपालिकाको परिचय

विश्वशान्तिका अग्रदूत गौतम बुद्धको जन्मस्थलदेखि नजिक रहेको मायादेवी गाउँपालिका गौतम बुद्धको माताको नामबाट नामाकरण भएको हो । मायादेवी गाउँपालिका रूपन्देही जिल्लाको साविकका चारओटा गाउँ विकास समिति हाटिवनगाई, गोनाहा, कम्हरिया र धमौलीलाई मिलाएर मायादेवी गाउँपालिकाको संरचना बनेको हो । भैरहवा लुम्बिनी तौलिहवा सडकअन्तर्गत रहेको यो गाउँपालिका समुद्र सतहदेखि करिब ९२.२ मिटरको उचाइमा छ। कुल क्षेत्रफल ७२.४४ वर्ग कि.मी तथा लम्बाइ सरदर १८ कि.मी रहेको छ। यस गाउँपालिकाको सिमाना पूर्वतर्फ सिद्धार्थनगर नगरपालिका र ओमसतिया गाउँपालिका, पश्चिमतर्फ लुम्बिनी सांस्कृतिक नगरपालिका, उत्तरतर्फ सियारी, शुद्धोधन र गैडहवा गाउँपालिका र दक्षिणतर्फ कोटहीमाई गाउँपालिका र भारत रहेको छ । यस गाउँपालिकालाई ८ वडामा विभक्त गरी प्रशासनिक विभाजन गरिएको छ । उत्तरबाट बग्ने तिनाउ र दानव नदीसँग प्राकृतिक, भौगोलिक तथा सांस्कृतिक मनोरमता एवम् कृषि क्षेत्रले हराभरा भई यो गाउँपालिका सजिएको छ । यहाँका मुख्य जातिहरू यादव, थारु, ब्राह्मण, क्षेत्री, लोध, कुर्मी, हरिजन र मुसलमान हुन् । यहाँ मुख्य चाडका रूपमा दसैँ, तिहार, छठ, रामनवमी, शिवरात्री, माघी, रक्षाबन्धन, रमजान, इद आदि मनाइन्छन् । यस पालिकाका मुख्य बजार क्षेत्र बेथरी र वनगाई हुन् ।

## १.२ पाठ्यक्रमको परिचय

पाठ्यक्रम शिक्षाको लक्ष्य प्राप्तिका लागि तयार पारिएको योजना हो । सिकारुका रुचि, आवश्यकता एवम् अपेक्षालाई सम्बोधन गर्ने मुख्य सामग्री पाठ्यक्रम हो । पाठ्यक्रम विकास गर्ने जिम्मेवारी पाएको पाठ्यक्रम विकास केन्द्रबाट तयार पारिएको केन्द्रमुखी पाठ्यक्रमले मात्र स्थानीय आवश्यकता र परिवेशलाई सम्बोधन गर्न सक्दैन । त्यसैले स्थानीय आवश्यकता र मागलाई पूरा गर्न कुनै एक विषयको पाठ्यक्रम स्थानीय तहमा तयार गरी कार्यान्वयन गर्न सकिने प्रावधान वर्तमान विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ मा राखिएको छ । नेपाल भौगोलिक, धार्मिक एवम् सांस्कृतिक, जातीय र भाषिकरूपमा विविधता भएको देश हो । यी विविधतालाई सम्बोधन गर्न केन्द्रीय पाठ्यक्रमबाट सम्भव हुँदैन । स्थानीय ज्ञान, सिप र प्रविधिमा सक्षमताहरू प्रदान गर्ने मुख्य अभिप्रायका साथ स्थानीय पाठ्यक्रमको अवधारणा ल्याइएको हो । स्थानीय आवश्यकताका विषयवस्तुहरूलाई समावेश गरी विद्यालयमा नियमित पठनपाठन गर्ने अभिप्रायले तयार गरिएको पाठ्यसामग्री नै स्थानीय पाठ्यक्रम हो । यसले स्थानीय क्षेत्रका प्राथमिकतापूर्ण

विषयवस्तुहरूलाई समटेछ र तिनीहरूलाई विद्यालयको नियमित कार्यक्रमअनुरूप कक्षाकोठामा पुऱ्याउँछ । यसमा विशेष गरी स्थानीय स्तरका प्राकृतिक, सांस्कृतिक, भाषिक एवम् ऐतिहासिक विषयवस्तुका साथै पेसा, व्यवसाय र विपद् व्यवस्थापन आदि विषय समावेश गर्न सकिन्छ । यसलाई स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन, २०७६ ले दिशानिर्देश गरेको छ । नेपालको हालको संविधानले समेत माध्यमिक तहसम्मको शिक्षाको व्यवस्थापनमा स्थानीय तहमा अधिकार प्रत्यायोजन गरिसकेकाले पनि स्थानीय तहको अगुवाइमा स्थानीय पाठ्यक्रमको निर्माण गरी कार्यान्वयन गर्नु आजको आवश्यकता हो । त्यसैगरी स्थानीय पाठ्यक्रमलाई प्राथमिक शिक्षा पाठ्यक्रम २०६२/२०६५, राष्ट्रिय पाठ्यक्रम प्रारूप २०६३, स्थानीय पाठ्यक्रम प्रारूप २०७१ र विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ ले समेत आधार र मार्गदर्शन प्रदान गरेको छ ।

स्थानीय स्तरका विषयवस्तु समावेश गरी विद्यालयमा नियमित पठनपाठन गर्ने अभिप्रायले तयार गरिएको शैक्षणिक ढाँचा नै स्थानीय पाठ्यक्रम हो । यसले स्थानीय क्षेत्रका प्राथमिकतापूर्ण विषयवस्तुहरूलाई समेट्छ र तिनीहरूलाई विद्यालयको नियमित कार्यक्रमअनुरूप कक्षाकोठामा पुऱ्याउँछ । यसमा विशेष गरी स्थानीय स्तरका प्राकृतिक, सांस्कृतिक, भाषिक एवम् ऐतिहासिक विषयवस्तुका साथै पेसा, व्यवसाय र विपद् व्यवस्थापन आदि विषयहरू समावेश गर्न सकिन्छ । यसलाई स्थानीय पाठ्यक्रम मार्गदर्शन, २०७६ ले निर्दिष्ट गरेको छ ।

रूपन्देही जिल्ला मायादेवी गाउँपालिका अन्तर्गतका विद्यालयहरूका लागि स्थानीय पाठ्यक्रम निर्माण गर्नका लागि गाउँपालिकाका अध्यक्षसहित गाउँकार्यपालिकाका सदस्यहरू, प्रमुख प्रशासकीय अधिकृत, शिक्षा, युवा तथा खेलकुद शाखाका प्रमुख, प्राविधिक सहायक, गाउँ शिक्षा समितिका सदस्यहरू, विद्यालयका प्रधानाध्यापक, शिक्षक, स्थानीय शिक्षाप्रेमी, बुद्धिजीवी तथा सङ्घसंस्थाहरूको उपस्थितिमा भएको छलफलले स्थानीय पाठ्यक्रम विकासको आधार तयार पारेको थियो । यो स्थानीय पाठ्यक्रम गाउँकार्यपालिकाको बैठकको निर्णयअनुसार स्वीकृत भई शैक्षिक सत्र २०८० बाट कार्यान्वयनमा आउने छ ।

### १.३ स्थानीय पाठ्यक्रमको अवधारणा

राष्ट्रिय पाठ्यक्रमले समेट्न नसकेका स्थानीय विषयवस्तुहरूलाई समेटेर स्थानीय स्तरमा तयार पारी सिकाइ सहजीकरण गरिने पाठ्यक्रमलाई स्थानीय पाठ्यक्रम भनिन्छ । स्थानीय पाठ्यक्रममा स्थानीय सभ्यता, सस्कृति, सम्पदा, व्यवसाय, भाषा, परम्परागत सिप र प्रविधि आदिलाई समेटिएको हुन्छ । प्राथमिक शिक्षा पाठ्यक्रम, २०६२ अनुसार "स्थानीय सरोकारवालाको सहभागितामा स्थानीय आवश्यकताअनुसार विषयवस्तु समावेश गरी निर्माण र कार्यान्वयन हुने पाठ्यक्रम

स्थानीय पाठ्यक्रम हो ।" त्यसैगरी प्राथमिक तहको पाठ्यक्रम निर्माण निर्देशिकाअनुसार स्थानीय आवश्यकता, विषय क्षेत्र, विषयवस्तु, शैक्षणिक व्यवस्था र सामग्रीको निर्माण गरी स्थानीय परिवेशको शिक्षा दिने कुरालाई स्थानीय पाठ्यक्रमको सैद्धान्तिक अवधारणाका रूपमा स्वीकारेको देखिन्छ । स्थानीय पाठ्यक्रम प्रारूप २०७५ अनुसार "स्थानीय सरोकारवालाको आवश्यकता, चाहना र उनीहरूकै सहभागितामा स्थानीय विषयवस्तुलाई समावेश गरी निर्माण र कार्यान्वयन हुने पाठ्यक्रम नै स्थानीय पाठ्यक्रम हो । स्थानीय ज्ञान, सिप र प्रविधिलाई समेटी तयार पारिएको पाठ्यक्रमलाई नै स्थानीय पाठ्यक्रमको रूपमा लिन सकिन्छ, जसले स्थानीयतालाई जोड दिन्छ ।" उल्लिखित परिभाषालाई हेर्दा स्थानीय पाठ्यक्रम भन्नाले स्थानीय सरोकारवालाले आवश्यक ठानेको विषयवस्तुलाई उनीहरूकै विज्ञता र सक्रियतामा तयार गरिएको पाठ्यक्रम हो । यसले त्यस समाजका आवश्यकतालाई सम्बोधन गर्छ । सिकारुलाई सिक्नमा उत्प्रेरित गर्छ । सिकाइलाई स्थायी र व्यावहारिक बनाउँछ । शिक्षक र विद्यार्थीबिच सामीप्यता ल्याउँछ । समाज र राष्ट्रप्रति उत्तरदायी र जवाफदेही हुन सिकाउँछ । परम्परा, मल्य र मान्यतालाई जगेर्ना गर्छ । नयाँ सिप, प्रविधिलाई अन्तर्राष्ट्रिय बजारसम्म जोडन सहयोग गर्छ । समुन्नत, समृद्ध र आधुनिक नेपाल निर्माणका लागि आर्थिक, सामाजिक तथा सांस्कृतिक पक्षमा टेवा पुऱ्याउँछ ।

## १.४ स्थानीय पाठ्यक्रमको महत्व र विशेषता

स्थानीय पाठ्यक्रम प्रारूपले स्थानीय पाठ्यक्रमको विशेषता एवम् महत्वलाई निम्नलिखित बुँदामा समेटेको छ :

- स्थानीय पाठ्यक्रमले स्थानीय आवश्यकताको परिपूर्ति गर्छ ।
- यो स्थानीय मागमा आधारित हुन्छ ।
- यसले स्थानीय स्रोत, साधन र विज्ञताको उपयोग गर्छ ।
- यसलेस्थानीय स्तरमा नै सिक्ने र सिकाउनेको सहभागिताको सुनिश्चितता गर्छ ।
- अपनत्वको भावनाको विकास गराउँछ ।
- यसले स्थानीय स्तरमा रहेका सरोकारवालाको क्षमता अभिवृद्धि गर्छ ।
- रोजगार तथा स्वरोजगारको सिर्जना गर्छ ।
- यसले सैद्धान्तिकभन्दा व्यावहारिक पक्षमा जोड दिन्छ ।
- विद्यार्थी केन्द्रित र प्रयोगात्मक विधिमा जोड दिन्छ ।

## १.५ स्थानीय पाठ्यक्रम निर्माणको औचित्य

नेपालको संविधान २०७२ ले स्थानीय तहलाई सुम्पिएका विधायकी, कार्यकारिणी र न्यायिक अधिकार प्रयोगमा ल्याउन, परेका समस्या हटाउन, द्विविधाको अन्त्य गर्न व्यवस्थापिका संसदले पारित गरेको 'स्थानीय तह सञ्चालन ऐन २०७४' असोज २९ गते राष्ट्रपतिबाट प्रमाणीकरण भई कार्यान्वयनमा आएको छ । यस ऐनको परिच्छेद ३ को दफा ११ को उपदफा २ 'ज' मा गाउपाँलिका, नगरपालिकाका शिक्षासम्बन्धी काम, कर्तव्य र अधिकार उल्लेख गरिएको छ । यस दफाले संविधानको अनुसूची ८ मा स्थानीय तहको अधिकारको सूचीमा राखेको आधारभूत र माध्यमिक शिक्षासम्बन्धी व्यवस्थालाई कार्यान्वयनमा ल्याउने प्रयास गरेको छ। यसै अधिकारलाई प्रयोग गरी मायादेवी गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाको मातहतमा स्थानीय पाठ्यक्रम निर्माण कार्यदल गठन भई विज्ञसमूहको सहयोगमा स्थानीय पाठ्यक्रम निर्माण गरिएको छ । विद्यार्थीलाई केन्द्रीकृत मात्र होइन, स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक पनि पढाइनुपर्छ । आफ्नो गाउँठाउँको इतिहास, भूगोल, संस्कृति, प्रकृति, परम्परागत ज्ञानसिप जान्नेसिक्ने हक सबै बालबालिकालाई हुन्छ । आफूलाई नचिन्ने शिक्षाको के काम ? स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तकमा आफ्नो गाउँठाउँको ऐतिहासिक महत्व, भूगोल, संस्कृति, प्रकृति, परम्परागत ज्ञानसिप समेटिएको हुन्छ । यसले बालबालिकालाई आफ्नो बारेमा र आफ्ना पुर्खाको भोगाइ र सिपको बारेमा जानकारी प्राप्त हुन्छ। स्थानीय पाठ्यक्रम बनाएर यस्ता कुरा समावेश गरी पाठ्यपुस्तक लेख्नुपर्छ। स्थानीय संस्कृति, वहुभाषिक संस्कार, बहुआयमिक पक्षहरू, स्थानीय समस्याहरू, स्थानीय विपद्का स्रोतहरू र त्यस्ता विपद्बाट बच्ने उपाय समेत बालबालिकाले प्रत्यक्ष भोगाइवाट सिक्ने छन्। यो प्रायोगिक पाठ्यक्रमको एक अभिन्न अङ्ग पनि हो। परिवर्तित सन्दर्भ र समयानुसार तथा विद्यार्थीको घरआँगनकै ज्ञानका विविध पक्षमा, उद्योग र प्राकृतिक स्रोत तथा त्यसको सन्तुलित प्रयोगको सन्दर्भमा समेत यो पाठ्यक्रम महत्वपूर्ण हुने छ । यस पाठ्यक्रमको औचित्य निम्नानुसार रहेको छ :

- मायादेवी गाउँपालिकाको हालसम्म आफ्नै स्थानीय पाठ्यक्रम नभएको,
- केन्द्रीय पाठ्यक्रममा यस गाउँपालिकाका भौतिक, शैक्षिक, सांस्कृतिक पक्षहरू पूर्णरूपले समावेश नभएकाले यस पाठ्यक्रममा यी पक्षहरू समावेश गर्नुपर्ने आवश्यकता रहेको,
- स्थानीय पाठ्यक्रम/भाषाअन्तर्गत अङ्ग्रेजी वा अन्य विषय विद्यालयमा शिक्षण भइरहेको जुन राज्यको नीति विरुद्ध रहेकाले यस विषयको पाठ्यक्रम कार्यान्वयन गरी नीतिको प्रभावकारी कार्यान्वयन गर्न आवश्यक भएको,
- आफैंले आफैंलाई चिन्न सक्ने व्यावहारिक, मौलिकता प्रधान पाठ्यक्रमको अभाव रहेको
- मायादेवीको विकास र समृद्धिमा सबैको योगदानलाई एकीकृत गर्न बालबालिकालाई तयार गर्नुपर्ने भएको ।

## १.६. पाठ्यक्रम विकासमा अवलम्बन गरिएका सिद्धान्त तथा प्रक्रिया

प्रस्तुत पाठ्यक्रम राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ मा उल्लेख गरिएको सैद्धान्तिक अवधारणामा विकास गरिएको छ । पाठ्यक्रमलाई सक्षमतामा आधारित बनाउन कक्षा १–८ को सक्षमता पहिचान गरिएको छ । पाठ्यक्रमलाई बालकेन्द्रित बनाउँदै गर्दै सिक्ने परियोजना, खोजविधि र आविष्कार केन्द्रित गर्ने गरी मनोवैज्ञानिक सिद्धान्तलाई आधार बनाइएको छ । यस पाठ्यक्रममा व्यावहारिक विकासको पक्ष, दैनिक जीवनको अभिन्न अङ्ग र मायादेवी गाउँपालिकाको विकासको दीर्घकालीन रणनीतिक दृष्टिकोणलाई समेत आधार बनाइएको छ। साथै राष्ट्रिय पाठ्यक्रमसँगंको परिपूरकको सम्बन्ध स्थापित गराइएको छ । बालबालिकाको मानसिक विकासका चरण र क्षमतालाई मुख्य आधार बनाउँदै पाठ्यक्रमलाई सान्दर्भिक बनाइएको छ ।

राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ मा स्थानीय पाठ्यक्रमका लागि कक्षा १–३ मा ५ पाठ्यघण्टा अर्थात् वार्षिक १६० घण्टा र कक्षा ४–८ मा यसका लागि ४ पाठ्यघण्टा अर्थात् वार्षिक १२८ घण्टा छुट्याइएको छ। उक्त प्रारूपमा स्थानीय पाठ्यक्रम सम्बन्धमा निम्नलिखित कुरा उल्लेख गरिएको छ :

(क) स्थानीय आवश्यकताको पहिचानमा स्थानीय तहमा पाठ्यक्रम तथा पाठ्यपुस्तक विकास गरिने छ ।

(ख) राष्ट्रिय पाठ्यक्रमको ढाँचाका आधारमा पाठ्यक्रमको स्थानीय तहमा अनुकूलन गरी स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तक विकास गरिने छ ।

(ग) स्थानीय पाठ्यक्रममा आवश्यकतानुसार विषयवस्तुहरू परिमार्जन तथा सिकाइ उपलब्धिको मापन गर्ने कार्य स्थानीय तहबाट गरिने छ ।

(घ) स्थानीय आवश्यकतामा आधारित पाठ्यक्रम निर्माण तथा कार्यान्वयन गर्दा बालकेन्द्रित, स्थानीय आवश्यकतामुखी हुने गरी लचकता प्रदान गरिने छ ।

(ङ) राष्ट्रिय पाठ्यक्रमको संरचनाभित्र रही स्थानीय पाठ्यक्रम निर्माण तथा कार्यान्वयनका लागि प्राविधिक तथा व्यवस्थापकीय रूपमा स्थानीय तहलाई सक्षम र जिम्मेवार बनाइने छ ।

(च) स्थानीय पाठ्यक्रम कार्यान्वयन, विद्यालयको वार्षिक कार्यक्रम, कक्षाकोठाको व्यवस्थापन तथा शैक्षणिक विधिका सम्बन्धमा विद्यालयले निर्णय लिने छ ।

(छ) स्थानीय पाठ्यक्रमको स्वीकृति स्थानीय तहको कार्यपालिकाबाट हुने छ र कार्यान्वयनका लागि शिक्षा शाखाले पहल गर्ने छ ।

## परिच्छेद दुई

## विषयक्षेत्र र विषयवस्तुको विस्तृतीकरण

### २.१ स्थानीय पाठ्यक्रमको ढाँचा र विषयक्षेत्र

पाठ्यक्रमको ढाँचामा परिचय, तहगत सक्षमता, कक्षागत सिकाइ उपलब्धि, सिकाइ सहजीकरण प्रक्रिया, विद्यार्थी मूल्याङ्कन प्रक्रिया, विषयवस्तुको विस्तृतीकरण रहेका छन् । स्थानीय पाठ्यक्रम सामुदायिक र संस्थागत दुवै विद्यालयमा लागु हुने छ । यस स्थानीय पाठ्यक्रममा तपसिल वमोजिमको सङ्ख्यामा क्षेत्र राखी विषयवस्तु सिकाइ अनुभवलाई सङ्गठित गरिने छ। विषयक्षेत्र यसप्रकार रहेका छन् :

**विषयक्षेत्र : १ : हाम्रो गौरव मायादेवी**

**विषयक्षेत्र : २ : हाम्रो धर्म, संस्कृति, भाषा र पर्यटन**

**विषयक्षेत्र : ३ : स्थानीय परम्परा पेसा, व्यवसाय, उद्यमशीलता र प्रविधि**

**विषयक्षेत्र : ४ : प्रकोप र विपद् व्यवस्थापन**

**विषयक्षेत्र : ५ : कृषि तथा स्थानीय उत्पादन**

**विषयक्षेत्र : ६ : स्वास्थ्य, सरसफाइ र वातावरण**

**विषयक्षेत्र : ७ : योग-ध्यान, स्थानीय खेल र प्राकृतिक चिकित्सा**

**विषयक्षेत्र : ८ : स्थानीय सङ्घसंस्था र व्यक्ति**

**विषयक्षेत्र : ९ : हाम्रा नैतिक मूल्य मान्यता र सदाचार**

### २.२ आधारभूत तहको तहगत सक्षमता

**कक्षा १ -३ का सक्षमताहरू**

(क) गाउँ, टोल, पालिका र मायादेवी गाउँपालिकाको सामान्य परिचय

(ख) जातजाति, भाषा, धर्म र संस्कृति तथा स्थानीयताको आधारभूत ज्ञान र बोध

(ग) मेलमिलाप, सहयोग, असल आचरण, सञ्चार, सम्मान जस्ता जीवनोपयोगी सिपहरू अवलम्बन

(घ) खेतीबाली र बिक्री तथा हस्तकलाका सामग्रीको परिचयका साथै मुख्य पेसाहरूको जानकारी

(ङ) आफ्नो वरपरको वातावरणमा भएका वस्तुहरूको पहिचान, महत्वबोध तथा बालबगैँचा निर्माण र वातावरणको सरसफाइमा सहयोग

(च) प्रकोप र विपद्को पहिचान, घर, विद्यालय तथा सडक दुर्घटना र यसबाट बच्ने उपाय अवलम्बन

(छ) स्थानीय सङ्घसंस्थाको परिचय र काम ।

(ज) योग व्यायाम र यसको महत्व

**कक्षा ४-५ का सक्षमताहरू**

(क) मायादेवी गाउँपालिकाको भौगोलिक, प्राकृतिक अवस्था र अवस्थितिको नक्साङ्कन

(ख) चाडपर्व, धर्म, संस्कृति र पर्यटनसम्बन्धी जानकारी, सहभागी र सम्मान भावको विकास

(ग) घर, विद्यालय र समाजमा स्थापित असल मूल्य मान्यता, नियम, आचरणको पहिचान र अवलम्बन

(घ) हस्तकलाका सामग्री, तरकारी खेती, फलफूल खेती, नगदेबाली, बेमौसमी तरकारी, रैथाने बालीहरूको परिचय, महत्व बोध र खेती कार्यमा सहयोग

(ङ) आफ्नो वरपरको वातावरणमा भएका वस्तुहरूको महत्वबोध र उपयोग तथा वातावरण संरक्षण, र सरसफाइमा सहयोग

(च) प्राकृतिक र मानव सृजित विपद् तथा दुर्घटनाबाट बच्ने उपायहरू पहिचान र अवलम्बन

(छ) गाउँपालिकाको विभिन्न क्षेत्रमा योगदान पुऱ्याएका सामाजिक संस्थाको परिचय र योगदानको सम्मान

(ज) योग व्यायाम र यसको महत्व

**कक्षा ६-८ का सक्षमताहरू**

(क) गाउँपालिका, जिल्ला र प्रदेशको नक्साङ्कन सिप विकास, गाउँपालिकाबाट प्रवाह हुने सेवाहरूको पहिचान र तिनको प्रभावकारिताका उपायहरूको खोजी

(ख) स्थानीय सरकारको परिचय, गठन तथा काम, कर्तव्य र अधिकारको जानकारी

(ग) मायादेवीको ऐतिहासिक, धार्मिक, सांस्कृतिक, पर्यटकीय अवस्थाको विश्लेषण र महत्वबोध

(घ) समावेशी व्यवहार, संस्कृतिको पहिचान र विश्लेषण, प्रभावकारी सञ्चार सिप, सकारात्मक सोच जस्ता जीवनोपयोगी सिपहरूको अवधारणा बोध र प्रदर्शन

(ङ) स्थानीय स्तरका पेसा, व्यवसाय र प्रविधिहरूको पहिचान र महत्वबोध, सहभागी र प्रवर्धनका उपायहरूको खोजी

(च) आफ्नो वरपरको वातावरण, दिगो विकास र हरित विद्यालयको अवधारणा बोध, प्रयोग, संरक्षण र प्रवर्धन

(छ) स्थानीय स्तरमा हुन सक्ने विपद्हरूको पहिचान, विपद् जोखिम न्यूनीकरण तथा सुरक्षा व्यवस्थापनका प्रयासहरू , प्रकोप तथा विपद् व्यवस्थापनमा विभिन्न निकायको भूमिका पहिचान र अवलम्बन

(ज) योग व्यायाम र प्राकृतिक चिकित्सा तथा यसको महत्व र उपयोगिता

## २.३ विषयवस्तुको क्षेत्र क्रम र विस्तृतीकरण

## विषयवस्तुको विस्तृतीकरण कक्षा १ देखि ८

### क्षेत्र : १ : हाम्रो मायादेवी

| कक्षा | सिकाइ उपलब्धि | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन | अनुमानित पाठ्यभार |
|---|---|---|---|---|---|---|
| १ | आफू बसोवास गर्ने टोल र समुदायको नाम बताउन | ● परिवार तथा समुदायको परिचय | ● आफू बसोवास गर्ने समुदाय र गाउँको नाम बताउन<br>● आफू बसोवास गर्ने तथा साथी समेतको गाउँ तथा टोल समुदायको नाम भन्न<br>● चित्र नक्सामा आफ्नो ठाउँ, समुदायको नाम देखाउन र पढ्न | ● विद्यार्थीलाई आफ्नो टोलका नाम भन्न लगाउने र आफ्नो साथीलाई सोध्न लगाउने<br>● विद्यार्थीहरूलाई आफ्नो टोल र साथीको टोल कुन वडामा छ भन्न लगाउने<br>● आफ्नो पालिकाको नाम सोध्ने । | ● तपाईंको घर कुन टोलमा पर्दछ ?<br>● तपाईंको टोल कति नं वडामा पर्दछ ? | १८ |
| २ | आफ्नो टोलमा बसोबास गर्ने मुख्य जातजातिको सूची बनाउन | ● टोल र जातजाति | ● टोलको परिचय<br>● आफ्नो टोलमा बसोबास गर्ने मुख्य जातजातिको थर बताउन | ● आफ्नो टोलको परिचय बताउने<br>● आफ्नो टोलमा रहेका विभिन्न जातजातिको परिचय बताइदिने | ● आफ्नो टोलको ना भन्नुहोस् ।<br>● आफ्नो टोलमा रहेका विभिन्न जातजातिको थर बताउनुहोस् । | १८ |
| ३ | आफ्नो वडाको परिचय, वडाध्यक्ष र वडा सदस्यहरूको सङ्ख्या तथा नाम भन्न र लेख्न | ● वडाको परिचय | ● आफ्नो वडाको भूगोल, वडा अध्यक्षको नाम र सदस्यहरूको सङ्ख्या | ● आफ्नो वडाको सिमाना भन्न लगाउने<br>● वडा अध्यक्षको नाम र सदस्यहरूको सङ्ख्या बताउन लगाउने | ● आफ्नो वडाको सिमाना भन्नुहोस् ।<br>● वडा अध्यक्षको नाम र सदस्यहरूको नाम बताउनुहोस् । | १८ |
| ४ | गाउँपालिकाको नामकरण, वडाको सङ्ख्या, भौगोलिक दिशाको सामान्य पहिचान | गाउँपालिकाको परिचय | ● पालिकाको नाम र वडा सङ्ख्या<br>● भौगोलिक दिशाको परिचय | ● पालिकाको नाम र वडा सङ्ख्या बताइदिने<br>● भौगोलिक दिशाको परिचय बताउने | ● तपाईंको पालिकाको नाम र वडा सङ्ख्या बताउनुहोस् । | १५ |

| कक्षा | सिकाइ उपलब्धि | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन | अनुमानित पाठ्यभार |
|---|---|---|---|---|---|---|
| ५ | वडा र वडामा रहेका सेवा प्रदायक संस्थाहरूले प्रदान गर्ने सेवा सुविधा बताउन | ● वडा र वडाबाट दिइने सेवा | ● वडाले दिने सेवा<br>● वडामा रहेका सेवा प्रदायक संस्थाहरूले प्रदान गर्ने सेवा सुविधा | ● वडाले जनतालाई दिने सेवाबारे बताउने<br>● वडामा रहेका सेवा प्रदायक संस्थाहरूले प्रदान गर्ने सेवासुविधाका बारेमा छलफल गर्ने | ● वडा कार्यालयमा गई त्यहाँबाट दिइने सेवाका बारेमा जानकारी लिनुहोस् । | १५ |
| ६ | गाउँपालिकाको सिमाना, क्षेत्रफल, जनसङ्ख्या र वडागत जनसङ्ख्याको वितरण बताउन | ● हाम्रो पालिका | ● सिमाना र क्षेत्रफल<br>● जनसङ्ख्या र वडागत जनसङ्ख्याको वितरण | ● गाउँपालिकाको सिमाना र क्षेत्रफल बताउने<br>● पालिकाको जनसङ्ख्या र वडागत जनसङ्ख्याको वितरण बताउने | ● तपाईंको वडाको जनसङ्ख्या लेख्नुहोस् । | १५ |
| ७ | गाउँ कार्यपालिकाको कार्यालयबाट प्राप्त हुने सेवा र सुविधा बताउन<br>न्यायिक समिति | ● कार्यपालिकाको परिचय<br>● न्यायिक समिति | ● गाउँ कार्यपालिकाको कार्यालयबाट प्राप्त हुने सेवा र सुविधा<br>● न्यायिक समितिको गठन तथा काम, कर्तव्य र अधिकार | ● गाउँ कार्यपालिकाको कार्यालयबाट प्राप्त हुने सेवा र सुविधाका बारेमा छलफल गराउने<br>● न्यायिक समितिको गठन तथा काम, कर्तव्य र अधिकारबारे बताउने | ● गाउँ कार्यपालिकाको कार्यालयबाट प्राप्त हुने कुनै पाँचओटा सेवा उल्लेख गर्नुहोस् ।<br>● मेलमिलाप केन्द्र र मेलमिलाप कर्ताका बारेमा छलफल गर्नुहोस् । | १५ |
| ८ | गाउँसभाको काम कर्तव्य र अधिकार<br>पालिकाको संरचना | ● गाउँसभा<br>● पालिकाको संरचना | ● गाउँसभाको काम, कर्तव्य र अधिकार<br>● पालिकाको संरचना र शाखाबाट प्राप्त सेवा | ● गाउँसभाको काम, कर्तव्य र अधिकारबारे छलफल गराउने<br>● पालिकाको संरचना र शाखाबाट प्राप्त सेवाबारे बताउने | ● कक्षामा गाउँसभाको बैठकको अभ्यास गर्नुहोस् ।<br>● पालिकाको शिक्षा शाखाबाट प्राप्त सेवाबारे बताउनुहोस् । | १५ |

## क्षेत्र : २ : हाम्रा नैतिक मूल्य मान्यता र सदाचार

| कक्षा | सिकाइ उपलब्धि | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन | अनुमानित पाठ्यभार |
|---|---|---|---|---|---|---|
| १ | • साथी,गुरुहरू, परिवारका सदस्यहरू र छिमेकी बालबालिकासँग घुलमिल हुन र आदर सत्कार प्रकट गर्न | • आदर र सत्कार | • साथी, गुरुहरू, परिवारका सदस्यहरू र छरछिमेकीसँग आदर, सत्कार, सहयोग र मेलमिलाप | • विद्यार्थीहरूबीच नमस्कार गर्न सिकाइ एक आपसमा परिचय गर्न लगाउने ।<br>• समूहमा बस्न लगाउने ।<br>• आफूभन्दा ठुलो कक्षाका विद्यार्थीलाई दाजुदिदी भनी सम्बोधन गर्न अभ्यास गराउने ।<br>• आफूभन्दा सानो कक्षाका विद्यार्थीहरूलाई पनि तिमी तपाइँ जस्ता आदरार्थी शब्दहरू प्रयोग गर्न सिकाउने । | • नमस्कार गरी आफ्नो परिचय दिन लगाउने ।<br>• आफ्नो घरमा भएका सदस्यहरूको नाता सहित वाक्य बनाउन लगाउने । | १५ |
| २ | • स्थानीय जातजातिहरूले घरमा पाहुना तथा मान्यजनलाई गर्ने आदर सत्कारको अनुसरण गरी दैनिक जीवनमा लागु गर्न | • असल संस्कार | • स्थानीय मानिसहरूले घरमा पाहुना तथा मान्यजनलाई गर्ने आदर सत्कारको परिचय | • विद्यार्थीहरूलाई आफ्नो घरमा पाहुना आउँदा पाहुनालाई के कसरी आदर गर्ने गरिएको छ र त्यसमा आफ्नो के भूमिका छ भन्ने बारेमा छलफल गरी निष्कर्ष दिने । जस्तैः नमस्कार गर्ने, बस्न अनुरोध गर्ने, चिया पानी, खाना आदि पकाएर खुवाउने ।<br>• विद्यालय नजिकैका कुनै तीनवटा बेग्लाबेग्लै जातजातिको घरमा गई त्यहाँका मानिससँग उनीहरूको परम्परा अनुसार पाहुनालाई कसरी सत्कार गरिएको छ भन्ने बारेमा छलफल गराई टिपोट गर्न लगाउने । | • आफ्नो घरमा आउने मान्यजनलाई तपाई कसरी स्वागत गर्नुहुन्छ भनेर सोध्नुहोस् ।<br>• आदर सत्कारले हाम्रो परिचयमा के कस्तो फाइदा पुऱ्याउँछ भन्ने बारेमा सोध्नुहोस् । | १५ |

| कक्षा | सिकाइ उपलब्धि | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन | अनुमानित पाठ्यभार |
|---|---|---|---|---|---|---|
| ३ | ● स्थानीय समूदाय तथा समाजमा सभ्य परिवारको परिचय दिई, आत्म अनुशासनका लागि आवश्यक गुणहरूको अनुसरण गर्न | ● सभ्य परिवार र आत्म अनुसासन | ● परिवारको अवधारणा, परिचय र परिवारका सदस्यहरू बिचको मेलमिलाप, अनुसासन तथा एकर्कामा सम्मान सम्बन्धी वर्णन | ● असल परिवार र अनुशासन सम्बन्धी भिडियो वा बृतचित्र प्रस्तुत गर्ने ।<br>● परिवारको अवधारणा र महत्वबारे बताइदिने ।<br>● विद्यार्थीहरूलाई आफ्नो घरका सदस्यहरूसँग आफूले कसरी व्यवहार गर्ने गरेको छ भन्ने बारेमा पालैपालो भन्न लगाउने ।<br>● सभ्य परिवारमा हुनुपर्ने गुणहरूका बारेमा छलफल गर्ने । | ● आफ्नो घरमा रहेका परिवारका सदस्यहरूसंग कस्तो व्यवहार गनुपर्छ ? छलफल गर्नुहोस् ।<br>● हामी किन अनुशासनमा बस्नुपर्छ र त्यसबाट के फाइदा हुन्छ ? भन्नुहोस् । | १५ |
| ४ | ● एकल परिवार र संयुक्त परिवारका बारेमा बताउन | ● परिवारको संरचना | ● परिवारको संरचना : एकल परिवार र संयुक्त परिवार | ● परिवारको संरचनाअन्तर्गत एकल परिवार र संयुक्त परिवारको विशेषता छलफल गर्ने<br>● एकल परिवारका फाइदा र बेफाइदा बताउने<br>● संयुक्त परिवारका फाइदा र बेफाइदा बताउने | ● एकल परिवारका फाइदा र बेफाइदा बताउनुहोस्<br>● संयुक्त परिवारका फाइदा र बेफाइदा बताउनुहोस् । | १० |
| ५ | ● समुदाय तथा समाजमा सभ्य परिवारको परिचय दिई, असल परिवारमा अभिभावकले खेल्नुपर्ने भूमिकाको बर्णन गर्न र अनुसरण गर्न अभिभावकलाई प्रेरित गर्न | ● असल परिवारमा अभिभावकको भूमिका | ● परिवारको अवधारणा, परिचय र परिवारका सदस्यहरू बिचको मेलमिलाप, अनुशासन तथा एक अर्कामा सम्मान र अभिभावकको भूमिका सम्बन्धी वर्णन | ● असल परिवार, अनुशासन र परिवारमा अभिभावकले निभाउनुपर्ने सकारात्मक भूमिकासम्बन्धी छलफल प्रस्तुत गर्ने ।<br>● असल अभिभावक भएर छोराछोरी, परिवारका अन्य सदस्यहरू र समाजमा गर्नुपर्ने कार्यहरूको सूची बनाई प्रस्तुत गर्ने ।<br>● असल अभिभावकबाट असल परिवार र असल परिवारबाट असल समाज बन्छ भन्ने कुरा देखाउन कुनै नाटक वा भिडियो खोजीगरी प्रदर्शन गर्ने । | ● असल वा सभ्य परिवारको परिचय दिन लगाउनुहोस् ।<br>● असल परिवारका लागि असल अभिभावक बन्न के कस्ता कुराहरूमा ध्यान दिनुपर्छ सूची बनाई प्रस्तुत गर्न लगाउनुहोस् । | १० |

| कक्षा | सिकाइ उपलब्धि | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन | अनुमानित पाठ्यभार |
|---|---|---|---|---|---|---|
| ६ | ● सकारात्मक सोचको विकास गर्न<br>● आफ्नो दैनिक क्रियाकलाप बताउन | ● सकारात्मक सोच<br>● दिनचर्या | ● सकारात्मक सोचको विकास<br>● दैनिक क्रियाकलाप | ● सकारात्मक सोच भनेको के हो ? भनी बताउने<br>● नकारात्मक सोचको अन्त्य गर्न प्रेरित गर्ने<br>● विद्यार्थीलाई असल दिनचर्याका बारेमा बताउने | ● सकारात्मक सोच भनेको के हो ?<br>● आफ्नो दिनचर्याको वर्णन गर्नुहोस् । | १० |
| ७ | ● कुलत र दुर्व्यसनीको असर पहिचान गरी तिनीहरूबाट टाढा रहन र नियन्त्रणका लागि स्थानीय समुदायलाई सहयोग गर्न | ● कुलत र दुर्व्यसनीको असर र नियन्त्रण | ● कुलत र दुर्व्यसनीको परिचय, असर तिनीहरूबाट बच्न हामीले अपनाउनुपर्ने उपायहरू र दुर्व्यसनी नियन्त्रणका लागि परिवार र स्थानीय समुदायको भूमिका | ● कुलत र दुर्व्यसनीको परिचय तथा असर र त्यसको न्यूनीकरणका उपायहरू सम्बन्धि छलफल गरी बुँदागत रूपमा प्रस्तुत गर्ने । त्यस्ता कार्यबाट सतर्क रहन सुसूचित गर्ने । जस्तैः जाँड, रक्सी, गाँजा, अफिम, खैनी, चरेस, गुट्खा आदिको असरबारे छलफल ।<br>● कुलत र दुर्व्यसनी नियन्त्रण सम्बन्धी काम गर्ने स्थानीय सङ्घसंस्थाका प्रतिनिधिहरूसँग छलफल, अन्तरक्रिया गर्ने/गराउने । | ● कुलत र दुर्व्यसनीविरुद्ध हामीले स्थानीयस्तरमा गर्न सकिने कियाकलापहरूका बारेमा लेखी प्रस्तुत गर्न लगाउने ।<br>● कुलत र दुर्व्यसनीको विरुद्ध हामीले स्थानीयस्तरमा गर्न सकिने क्रियाकलापहरूका बारेमा स्थानीय ठाउँ तथा अन्य विद्यार्थीहरूलाई बुझाउन समुहगत रूपमा नाटक प्रदर्शन गर्न लगाउने | १० |
| ८ | ● लागुपदार्थ खराब बानी र सामाजिक अपराध हो भन्ने बुझेर सो कार्यकलाप गर्न नहुने कुरा बोध गर्न<br>● सामाजिक अन्धविश्वासको अन्त्य गर्न | ● लागुपदार्थ<br>● अन्धविश्वास | ● लागुपदार्थ : सामाजिक अपराध<br>● सामाजिक अन्धविश्वास (झारफुक, लैङ्गिक विभेद, छुवाछुत, सोखा) आदिको अन्त्य | ● लागुपदार्थको सेवन र ओसापसार सामाजिक अपराध हो भन्ने कुरा बताउने<br>● लागुपदार्थका कारण जीवन बर्बाद हुने दृष्टान्त प्रस्तुत गर्ने<br>● सामाजिक अन्धविश्वासका कारण मानव जीवनमा समस्या आएको बताउँदै अन्त्यका लागि सकारात्मक सन्देश दिने | ● लागुपदार्थ एक सामाजिक अपराध हो भन्ने विषयमा वक्तृता तयार गर्नुहोस् ।<br>● सामाजिक अन्धविश्वास अन्त्य गर्न नाटक लेखी अभिनय गर्नुहोस् । | १० |

## क्षेत्र : ३ : स्वास्थ्य, सरसफाइ र वातावरण

| कक्षा | सिकाइ उपलब्धि | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन | अनुमानित पाठ्यभार |
|---|---|---|---|---|---|---|
| १ | ● शरीरका अंगको सरसफाइ गर्न<br>● फोहोरको परिचय दिन<br>● घर तथा स्थानीय स्तरमा पालिने घरपालुवा जनावर हरूको नाम बताउन | ● शरीरको सरसफाइ<br>● फोहोर<br>● घरपालुवा जनावर | ● शरीरका अंगको सरसफाइ<br>● फोहोरको परिचय<br>● घर तथा स्थानीय स्तरमा पालिने घरपालुवा जनावरहरू | ● शरीरका अंगको सरसफाइ कसरी गर्ने भन्नेबारे बताउने र घरमा अभ्यास गर्न प्रेरित गर्ने<br>● फोहोरअन्तर्गत के के पर्छन् भन्ने कुरा बताइदिने<br>● विद्यार्थीहरूलाई घरमा पालिएका जनावरहरूको नाम भन्न लगाउने<br>● घरमा पालिएका बाहेक अन्य स्थानीयस्तरमा पालिएका जनावर हरूको नाम भन्न लगाउन | ● शरीरका अंगको सरसफाइको अभ्यास गर्नुहोस् ।<br>● घरबाट निस्कने फोहोर के के हुन् ?<br>● घरमा पालन गरेका जनावरहरूको नाम भन्नुहोस् । | १८ |
| २ | ● कक्षाकोठा र घरको सरसफाइ गर्ने बानी बसाल्न<br>● डस्टबिनको प्रयोग गर्ने बानीको विकास गर्न<br>● पालिकाभित्र पाइने चराहरूको नाम बताउन | ● कक्षाकोठा र घरको सरसफाइ<br>● डस्टबिनको प्रयोग<br>● स्थानीय चराहरूको नाम | ● कक्षाकोठा र घरको सरसफाइ गर्ने बानी<br>● डस्टबिनको प्रयोग गर्ने बानीको विकास<br>● पालिकाभित्र पाइने चराहरूको नाम | ● कक्षाकोठा र घरको सरसफाइ कसरी गर्ने भन्नेबारे बताइदिने र बानी विकास गराउने<br>● फोहोरलाई जथाभावी नफाली डस्टबिनमा राख्नुपर्छ भनी सिकाउने र बानीको विकास गराउने<br>● विद्यार्थीहरूलाई आफूले थाहा पाएका चराहरूको नाम भन्न लगाउने | ● कक्षाकोठाको सरसफाइ कसरी गर्न सकिन्छ ? साथीसँग छलफल गर्नुहोस् ।<br>● डस्टबिन कस्ता कस्ता हुन्छन् ?<br>● आफूले देखेका चराको नाम बताउनुहोस् । | १८ |

| कक्षा | सिकाइ उपलब्धि | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन | अनुमानित पाठ्यभार |
|---|---|---|---|---|---|---|
| ३ | ● घरको खानामा पर्ने वस्तुको नाम बताउन<br>● फोहोरको वर्गीकरण (कुहिने र नकुहिने) गर्न<br>● पालिकामा पाइने औषधीजन्य वनस्पतिहरूको पहिचान गर्न | ● घरको खाना<br>● फोहोरको वर्गीकरण<br>● स्थानीय जडीबुटी | ● घरको खानामा पर्ने वस्तु<br>● फोहोरको वर्गीकरण (कुहिने र नकुहिने)<br>● पालिकामा पाइने औषधीजन्य वनस्पतिहरूको पहिचान | ● घरको खानामा के के कुरा पर्छ भन्ने कुरा बताउने र घरको खानेकुरा खान प्रेरित गर्ने<br>● फोहोरलाई कुहिने र नकुहिने गरी वर्गीकरण गर्न सिकाउने र व्यवस्थापन गर्न सिकाउने<br>● पालिकामा भएका औषधीजन्य वनस्पतिहरूको उपयोगका बारेमा छलफल गराउने | ● तपाईँले घरमा खाने खानेकुराको नाम भन्नुहोस् ।<br>● कुहिने र नकुहिने फोहोरमा के के पर्छन् ?<br>● तपाईँको घरमा भएका औषधीजन्य वनस्पतिहरूको नाम भन्नुहोस् । | १८ |
| ४ | ● सन्तुलित खानाले राम्रो स्वास्थ्य हुन्छ भन्ने बताउन<br>● भान्साबाट निस्कने फोहोरको व्यवस्थापन गर्न<br>● गाउँपालिका क्षेत्रमा पाइने वनस्पति र जीवजन्तुको पहिचान गर्न | ● सन्तुलित खाना र स्वास्थ्य<br>● भान्साबाट निस्कने फोहोर<br>● गाउँपालिका क्षेत्रमा पाइने वनस्पति र जीवजन्तु | ● सन्तुलित खाना र राम्रो स्वास्थ्य<br>● भान्साबाट निस्कने फोहोर र त्यसको व्यवस्थापन<br>● गाउँपालिका भित्र पाइने वनस्पति र जीवजन्तुको संरक्षण | ● सन्तुलित खानाले स्वास्थ्यमा पार्ने सकारात्मक प्रभावबारे बताइदिने र घरबाहिर बनेका खानेकुरा नखान प्रेरित गर्ने ।<br>● भान्साबाट निस्कने फोहोरलाई उचित तरिकाले व्यवस्थापन गर्न सिकाउने र बारीमा प्रयोग गर्ने लगाउने ।<br>● गाउँपालिकाभित्र पाइने वनस्पति र जीवजन्तुको संरक्षणका सम्बन्धमा छलफल गराउने | ● सन्तुलित खानामा के के पर्छन् ?<br>● भान्साबाट निस्कने फोहोरको व्यवस्थापन कसरी गर्न सकिन्छ ?<br>● गाउँपालिकाभित्रका वनस्पति तथा जीवजन्तुको नाम भन्नुहोस् । | १२ |

| कक्षा | सिकाइ उपलब्धि | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन | अनुमानित पाठ्यभार |
|---|---|---|---|---|---|---|
| ५ | ● दिवा खाजामा प्रयोग हुने खानेकुराको नाम भन्न<br>● फोहोरको असर बताउन र सचेत हुन<br>● घर तथा विद्यालयमा फूलबारी र बगैंचाको निर्माण गर्न | ● दिवा खाजा<br>● फोहोरको असर<br>● फूलबारी र बगैंचा | ● दिवा खाजामा प्रयोग हुने खानेकुरा<br>● फोहोरको असर (घाउ, खटिरा, जुका, हैजा आदि)<br>● फूलबारी र बगैंचाको निर्माण | ● विद्यालयमा दिवा खाजामा प्रयोग हुने खानेकुराका नाम बताइदिने<br>● फोहोरका कारण स्वास्थ्यमा पार्ने असरका बारेमा छलफल गर्ने<br>● घर तथा विद्यालयमा फूलबारी र बगैंचाको निर्माण गर्ने अभ्यास गराउने । | ● विद्यालयमा दिवा खाजामा के के खानुहुन्छ ?<br>● घरमा फूलबारीको निर्माण गर्नुहोस् ।<br>● फोहोरले गर्ने असरबारे लेख्नुहोस् । | १२ |
| ६ | ● प्राकृतिक खाना तथा पत्रु खानाको फाइदा र असरबारे जानकारी लिन<br>● वातावरण प्रदूषण (जल, जमिन, वायु र ध्वनि) का कारण बताउन<br>● गाउँपालिका क्षेत्रमा रहेका जलस्रोतको संरक्षण गर्ने उपायहरू बताउन | ● प्राकृतिक खाना र पत्रु खाना<br>● वातावरण प्रदूषण (जल, जमिन, वायु र ध्वनि)<br>● गाउँपालिका क्षेत्रको जलस्रोत र संरक्षण | ● प्राकृतिक खाना तथा पत्रु खानाको फाइदा र असर<br>● वातावरण प्रदूषण (जल, जमिन, वायु र ध्वनि) का कारण<br>● गाउँपालिका क्षेत्रमा जलस्रोतको संरक्षण गर्ने उपायहरू | ● प्राकृतिक खानाबाट स्वास्थ्यलाई पुग्ने फाइदा र पत्रु खानाले स्वास्थ्यमा पार्ने असरबारे बताएर पत्रु खाना नखान प्रेरित गर्ने<br>● वातावरण प्रदूषण (जल, जमिन, वायु र ध्वनि) का कारणबारे जानकारी गराई वातावरण स्वच्छ राख्ने काम गर्न लगाउने<br>● गाउँपालिका क्षेत्रमा रहेका जलस्रोतको बारेमा बताएर संरक्षण गर्ने उपायहरूबारे छलफल गराउने र सहभागिताका लागि प्रेरित गर्ने | ● प्राकृतिक खानाबाट स्वास्थ्यलाई पुग्ने फाइदा र पत्रु खानाले स्वास्थ्यमा पार्ने असर लेख्नुहोस् ।<br>● वातावरण स्वच्छ राख्न समुदायले के गर्नुपर्छ ?<br>● स्थानीय जलस्रोतको परिचय लेख्नुहोस् । | १२ |

| कक्षा | सिकाइ उपलब्धि | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन | अनुमानित पाठ्यभार |
|---|---|---|---|---|---|---|
| ७ | • वातावरण प्रदूषण र न्यूनीकरणका उपायबारे जानकारी लिन<br>• स्थानीय क्षेत्रमा निस्किने फोहोरमैलाको वर्गीकरण र ठोस फोहोरको व्यवस्थापनमा सहयोग गर्न<br>• हरित घर तथा विद्यालयको आवश्यकता तथा महत्व बताउन | • वातावरण प्रदूषण र न्यूनीकरण<br>• फोहोरमैला व्यवस्थापन<br>• हरित घर तथा विद्यालय | • वातावरण प्रदूषण र न्यूनीकरणका उपाय<br>• फोहोरमैलाको वर्गीकरण (ठोस, तरल र ग्याँस) र ठोस फोहोरको व्यवस्थापन<br>• हरित घर तथा विद्यालयको आवश्यकता तथा महत्व | • वातावरण प्रदूषणका बारेमा बताएर प्रदूषण न्यूनीकरणका तरिका र उपायबारे छलफल गराउने<br>• विद्यालय कम्पाउन्ड, क्यान्टिन वा विद्यालय वरपरको अवलोकन भ्रमण गराइ त्यहाँ के कस्ता फोहोरहरू देखिएका छन् टिपोट गर्न लगाउने वा क्यान्टिनमा के फोहोरहरूको रूपमा निस्कन्छ भन्ने बारेमा बताइ उक्त फोहोरहरूलाई ठोस र तरलमा छुट्याउन लगाउने ।<br>• फोहोरहरूलाई ठोस र तरलमा छुट्याईसकेपछि ठोस फोहोरहरूलाई पुनः कुहिने र नकुहिनेमा छुट्याउन लगाउने ।<br>• हरित घर तथा विद्यालयको अवधारणाको पुनरावलोकन गराउने, यस सम्बन्धी अनुभव आदान प्रदान गर्न लगाउने<br>• घर तथा शैक्षिक संस्थाहरू र वरपरको क्षेत्रमा व्यापक हरियाली विकास मार्फत पृथ्वीको वहन क्षमता अभिवृद्धि गर्न लगाउने | • कक्षाकोठाको फोहोर वर्गीकरण र व्यवस्थापनका उपायहरूबारे लेखी प्रस्तुत गर्नुहोस् ।<br>• वातावरण प्रदूषणका कारण र न्यूनीकरणका उपाय लेख्नुहोस् ।<br>• हरित घर तथा विद्यालयको आवश्यकता र महत्व बताउनुहोस् । | १२ |

| कक्षा | सिकाइ उपलब्धि | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन | अनुमानित पाठ्यभार |
|---|---|---|---|---|---|---|
| ८ | • फोहोर व्यवस्थापनमा पालिकाको भूमिका बताउन<br>• हरित विद्यालयको अवधारणा र सिकाइबारे बुझ्न<br>• जडीबुटी खेती कार्यमा सहभागी हुन र यसबाट उत्पादित जडीबुटीको बजारीकरण र आर्थिक फाइदा पहिचान गर्न | • फोहोरव्यवस्थापनमा पालिका<br>• हरित विद्यालय<br>• जडीबुटी खेती र आर्थिक फाइदा | • फोहोर व्यवस्थापनमा पालिकाको भूमिका<br>• हरित विद्यालयको अवधारणा र सिकाइ<br>• जडीबुटी खेती र आर्थिक फाइदा (स्थानीय क्षेत्रमा पाइने जडीबुटीजन्य वनस्पतिहरू र स्थानीय वनस्पतिहरूको नर्सरी, वृक्षरोपण) | • फोहोर व्यवस्थापनमा पालिकाको भूमिका<br>• हरित विद्यालयको अवधारणा र सिकाइ<br>• घर, विद्यालय तथा वरपरको समुदाय र वनक्षेत्रको खाली ठाउँमा जडीबुटी खेती गर्न सकिने कुराको जानकारी गराउने र जडीबुटी खेती गर्ने गराउने कार्यमा विद्यार्थीहरूलाई सहभागी गराउने<br>• उत्पादित जडीबुटीको बजारीकरण गर्ने, आर्थिक उपार्जन गर्ने कुराको जानकारी गराउने र बजारीकरण गर्न सहयोग गर्ने | • पालिकाले फोहोर व्यवस्थापनमा अँगालेको नीतिबारे छलफल गर्नुहोस् ।<br>• हरित विद्यालयको अवधारणा र यसले सिकाइमा पार्ने प्रभाव लेख्नुहोस् ।<br>• जडीबुटी खेतीबाट हुने फाइदाहरू बताउनुहोस् । | १२ |

# क्षेत्र : ४ : हाम्रो धर्म, संस्कृति, भाषा र पर्यटन

| कक्षा | सिकाइ उपलब्धि | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन | अनुमानित पाठ्यभार |
|---|---|---|---|---|---|---|
| १ | ● आफ्नो मातृभाषाको नाम भन्न ।<br>● आफ्नो टोलमा बोलिने भाषाको नाम भन्न ।<br>● टोलमा मनाउने चाडको नाम बताउन । | ● स्थानीय भाषा<br>● स्थानीय चाडपर्व | ● बालबालिकाको मातृभाषा (थारु, अवधी, भोजपुरी, नेपाली, मगर, हिन्दी, उर्दु आदि)<br>स्थानीय चाड (नागपञ्चमी, होली, रक्षाबन्धन, इद) | ● आफूले बोलिने मातृभाषाको नाम भन्न लगाउने ।<br>● एउटै मातृभाषा बोल्ने बालबालिकालाई एकै ठाउमा राखेर सामान्य संवाद गर्न लगाउने ।<br>● आफ्नो मातृभाषामा जानेको एक बालगीत भन्न लगाउने ।<br>● आफ्नो समुदायले मनाउने चाडको नाम भन्न लगाउने । | ● तपाइँको मातृभाषा कुन हो ?<br>● तपाइँको टोलमा बोलिने भाषाको नाम भन्नुहोस् ।<br>● समुदायले मनाउने दुईवटा चाडको नाम बताउनुहोस् । | २२ |
| २ | ● स्थानीय परिकारका बारेमा बुझ्न<br>● स्थानीय पहिरनको परिचय बताउन | ● स्थानीय परिकार<br>● स्थानीय पहिरन | ● स्थानीय परिकार (घोगी, सतुवा, ढिकरी, गुलगुला, अम्कल्ली, चोखा, मकुनी )<br>● स्थानीय पहिरन (मायादेवीमा बसोबास गर्ने विभिन्न जातजातिको पहिरन) | ● मायादेवी गाउँपालिकामा विभिन्न पर्वका अवसरमा बनाइने परिकारको नाम भन्न लगाउने ।<br>● स्थानीय पहिरनको परिचय बताउने र पोस्टर देखाएर पोसाकका बारेमा छलफल गराउने | ● तपाइँलाई मनपर्ने परिकार कुन हो ?<br>● तपाइँले कुनै चाडमा लगाउने पोसाकको नाम भन्नुहोस् । | २२ |
| ३ | ● स्थानीय सांस्कृतिक गीत र नाचका बारेमा जानकारी लिन<br>● स्थानीय चाडपर्वको विशेषता र महत्व बताउन | ● स्थानीय सांस्कृतिक गीत र नाच<br>● स्थानीय चाडपर्व | ● स्थानीय सांस्कृतिक गीत र नृत्य (होली गीत, बिरहा गीत, भजन, कोहरउवा नाच, सोहर)<br>● स्थानीय चाडपर्व (दशहरा, दीपावली, छठ, करवाचौथ, मोहर्रम, क्रिसमस) | ● स्थानीय सांस्कृतिक गीत र नाचका बारेमा छलफल गराउने र गीत प्रस्तुत गर्न<br>● विभिन्न समुदायका मानिसले मान्ने चाडपर्वका बारेमा छलफल गराउने | ● मायादेवीमा प्रचलित नाचका बारेमा भन्नुहोस् ।<br>● तपाइँको टोलमा मनाइने मुख्य चाडको नाम भन्नुहोस् । | २२ |

| कक्षा | सिकाइ उपलब्धि | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन | अनुमानित पाठ्यभार |
|---|---|---|---|---|---|---|
| ४ | • स्थानीय संस्कार र संस्कृतिका बारेमा बताउन<br>• सांस्कृतिक गीत र नृत्यको महत्व बुझ्न<br>• धार्मिक तथा पर्यटकीय स्थलको नाम बताउन | • स्थानीय संस्कार र संस्कृति<br>• सांस्कृतिक गीत र नृत्य<br>• धार्मिक तथा पर्यटकीय स्थल | • स्थानीय संस्कार र संस्कृति (जन्मोत्सव, विवाह र अन्त्येष्टि)<br>• सांस्कृतिक गीत र नृत्य (झमटा, फारूवाही, देउसी, भजनकीर्तन)<br>• धार्मिक तथा पर्यटकीय स्थल (मन्दिर, मस्जिद, धर्मशाला, सिक्टीहवा ताल, मायादेवी पार्क, पोखरी आदि) | • स्थानीय समुदायका संस्कार र संस्कृति (जन्मोत्सव, विवाह र अन्त्येष्टि) का बारेमा छलफल गर्ने<br>• सांस्कृतिक गीत र नृत्य (झमटा, फारूवाही, देउसी, भजनकीर्तन) मा प्रयोग हुने पोसाक र बाजाका बारेमा बताउने र नृत्यको विशेषता बताउने<br>• धार्मिक तथा पर्यटकीय स्थल (मन्दिर, मस्जिद, धर्मशाला, ताल, पोखरी आदि) को परिचय बताइदिने | • तपाईंले जन्मोत्सव कसरी मनाउनुहुन्छ ?<br>• समूह मिलेर झमटा नाच र भजनकीर्तनको अभ्यास गर्नुहोस् ।<br>• तपाईंको वडामा रहेका धार्मिक तथा पर्यटकीय स्थलको नाम लेख्नुहोस् । | १८ |
| ५ | • स्थानीय परम्परित संस्कारको अन्त्य गर्न<br>• स्थानीय चाडपर्व र मेला जात्राको विशेषता बताउन<br>• धार्मिक तथा पर्यटकीय स्थलको सरसफाइ र संरक्षणमा सहभागी हुन । | • स्थानीय परम्परित संस्कार<br>• स्थानीय चाडपर्व र मेला जात्रा<br>• धार्मिक तथा पर्यटकीय स्थलको सरसफाइ र संरक्षण | • स्थानीय परम्परित संस्कार (दाइजो, तिलक, बालविवाह, गौना)<br>• स्थानीय चाडपर्व र मेला जात्रा (रामलीला, भाइटीका तिलक, माघी, ल्होसार, रोजा र बकर ईद, क्रिसमस आदि)<br>• धार्मिक तथा पर्यटकीय स्थलको सरसफाइ र संरक्षण (मठमन्दिर, गुम्बा, मस्जिद, तालतलैया, पार्क आदि) | • स्थानीय परम्परित संस्कार (दाइजो, तिलक, बालविवाह, गौना) का बारेमा बताएर यी प्रथाको अन्त्य गर्न के के गर्नुपर्छ ? बताइदिने<br>• स्थानीय चाडपर्व र मेला जात्रा (रामलीला, भाइटीका तिलक, माघी, ल्होसार, रोजा र बकरईद, क्रिसमस आदि) मनाउने तरिकाबारे छलफल गर्ने<br>• धार्मिक तथा पर्यटकीय स्थलको सरसफाइ र संरक्षण (मठमन्दिर, गुम्बा, मस्जिद, तालतलैया, पार्क आदि) गर्नेबारे बताउने | • दाइजो प्रथाका बारेमा वक्तृता आयोजना गर्नुहोस् ।<br>• रामलीलाका बारेमा लेख्नुहोस् ।<br>• धार्मिक तथा पर्यटकीय स्थलको सरसफाइमा सहभागी हुनुहोस् । | १८ |

| कक्षा | सिकाइ उपलब्धि | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन | अनुमानित पाठ्यभार |
|---|---|---|---|---|---|---|
| ६ | • स्थानीय सांस्कृतिक तथा धार्मिक सम्पदा पहिचान र संरक्षणबारे जानकारी लिन<br>• स्थानीय धर्मको परिचय र विशेषता | • स्थानीय सांस्कृतिक तथा धार्मिक सम्पदा<br>• स्थानीय धर्म र परम्परा | • स्थानीय सांस्कृतिक तथा धार्मिक सम्पदा पहिचान र संरक्षण (विभिन्न धर्मसँग सम्बन्धित स्थल मठमन्दिर, गुम्बा, शवदाह स्थल, यज्ञ स्थल, काजकिरिया स्थल))<br>• स्थानीय धर्मको (हिन्दु, बौद्ध, इस्लाम र इसाइ) परिचय र विशेषता | • स्थानीय सांस्कृतिक तथा धार्मिक सम्पदा पहिचान र संरक्षण (विभिन्न धर्मसँग सम्बन्धित स्थल मठमन्दिर, गुम्बा, शवदाह स्थल, यज्ञ स्थल, काजकिरिया स्थल) को अवलोकन गराई ती स्थलको संरक्षणमा सहभागिता जनाउन बताउने<br>• स्थानीय धर्मको (हिन्दु, बौद्ध, इस्लाम र इसाइ) परिचय र विशेषता बताइदिने | • तपाइँको वडामा भएको स्थानीय धार्मिक सम्पदाको संरक्षणमा सहभागी हुनुहोस् ।<br>• तपाइँको टोलमा कुन कुन धर्मका मानिसको बसोबास छ ? | १८ |
| ७ | • विभिन्न धर्मावलम्बीको संस्कृतिको विशेषता बताउन<br>• धार्मिक स्थलको परिचय र महत्व बताउन<br>• स्थानीय चाडपर्व मनाउने तरिका बताउन | • हाम्रो धर्म र संस्कृति<br>• धार्मिक स्थलको परिचय र महत्व<br>• स्थानीय चाडपर्व | • हाम्रो धर्म र संस्कृति (विभिन्न धर्मावलम्बीको संस्कृतिको विशेषता र धार्मिक तथा सांस्कृतिक सहिष्णुता)<br>• विभिन्न मठमन्दिर (दुर्गा मन्दिर, शिव पार्वती मन्दिर, प्रकटेश्वर मन्दिर, मस्जिद,कालिका मन्दिर, कोटहीमाई मन्दिर, मस्जिद आदि) को महत्व र संरक्षण<br>• स्थानीय चाडपर्व मनाउने विधि र महत्व ( छठ,माघी, दसैं, बुद्धजयन्ती, इद, क्रिसमस डे ) | • भिन्न धर्म र भिन्न संस्कृतिका विशेषता र धार्मिक तथा सांस्कृतिक सहिष्णुताका बारेमा छलफल गराउने<br>• विभिन्न मठमन्दिरको महत्व बताउने र पर्यटनको विकासको सम्भावनाबारे छलफल गर्ने<br>• स्थानीय चाडपर्व मनाउने विधि र महत्वका बारेमा कक्षामा छलफल गर्ने | • तपाइँको परिवारमा मानिने सांस्कृतिक पर्वका बारेमा लेख्नुहोस् ।<br>• धार्मिक स्थलको पर्यटन विकासमा भूमिका बारेमा लेख्नुहोस् ।<br>• तपाइँले मनाउने कुनै चाडका बारेमा लेख्नुहोस् । | १८ |

| कक्षा | सिकाइ उपलब्धि | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन | अनुमानित पाठ्यभार |
|---|---|---|---|---|---|---|
| ८ | • धार्मिक, सांस्कृतिक तथा पर्यटकीय स्थलको संरक्षण र विकासमा पालिकाको भूमिका बताउन<br>• पर्यटनको विकासमा स्थानीय संस्कृतिको योगदान<br>• पर्यटकीय स्थल लुम्बिनीका बारेमा जानकारी लिन | • धार्मिक, सांस्कृतिक तथा पर्यटकीय स्थलको संरक्षण र विकासमा पालिकाको भूमिका<br>• पर्यटनको विकासमा स्थानीय संस्कृति<br>• पर्यटनको विकासमा लुम्बिनी र पालिका | • गाउँपालिकामा रहेका धार्मिक, सांस्कृतिक तथा पर्यटकीय स्थलको संरक्षण र विकासमा पालिकाको भूमिका<br>• पर्यटनको विकासमा स्थानीय संस्कृति (परिकार, भेशभूषा र नृत्य)<br>• पर्यटनको विकासमा लुम्बिनी र पालिकाको सम्बन्ध | • गाउँपालिकामा रहेका धार्मिक, सांस्कृतिक तथा पर्यटकीय स्थलको संरक्षण र विकासमा पालिका नीति तथा कार्यक्रमका बारेमा बताउने ।<br>• पर्यटनको विकासमा स्थानीय संस्कृतिको महत्व बताउने ।<br>• पर्यटनको विकासमा लुम्बिनी र पालिकाको सम्बन्धबारे बताउने | • पर्यटनको विकासमा धार्मिक, सांस्कृतिक तथा पर्यटकीय स्थल भूमिका विषयमा निबन्ध लेख्नुहोस् ।<br>• पर्यटनको विकासमा स्थानीय संस्कृति विषयक वक्तृत्वकलाको आयोजना गर्नुहोस् । | १८ |

## क्षेत्र : ५ : स्थानीय परम्परा पेसा, व्यवसाय, उद्यमशीलता र प्रविधि

| कक्षा | सिकाइ उपलब्धि | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन | अनुमानित पाठ्यभार |
|---|---|---|---|---|---|---|
| १ | • आफ्ना परिवारका सदस्यले गर्ने पेसाव्यवसाय बताउन | • स्थानीय पेसा र व्यवसाय | • परिवारका सदस्यको पेसा बताउन<br>• आफ्ना परिवारका सदस्यले गर्ने व्यवसाय बताउन (कृषि, शिक्षण, पशुपालन) | • सबै विद्यार्थीलाई पालैपालो आआफ्नो परिवारको पेसा बताउन लगाउने,<br>• परिवारका सदस्यले गर्ने व्यवसाय बताउन लगाउने, | • तपाइँका परिवारमा कसकसले के के गर्नुहुन्छ ?<br>• तपाइँका परिवारको व्यवसाय के हो ? | २० |
| २ | • छिमेकीको पेसाव्यवसाय थाहा पाउन | • स्थानीय पेसा र व्यवसाय | • आफ्ना छिमेकीको पेसा बताउन<br>• आफ्ना छिमेकीको व्यवसाय (काठको काम गर्ने, भेली उद्योग, होटल व्यवसाय) | • कक्षाका विद्यार्थीलाई आफ्ना छिमेकीको पेसा बताउन लगाउने<br>• विद्यार्थीलाई उनीहरूले देखेका व्यवसायका नाम बताउन लगाउने | • तपाइँ टोलमा बस्ने को कोले के के काम गर्नुहुन्छ ?<br>• तपाइँले जानेका कुनै तीन व्यवसायको नाम भन्नुहोस् । | २० |
| ३ | • स्थानीय उद्यमका बारेमा जानकारी लिन | • स्थानीय उद्यम<br>• स्थानीय प्रविधि | • उद्यमको परिचय बताउन<br>• आफ्नो वडाका व्यक्तिको उद्यम बताउन<br>• आफ्नो वडामा चलेका उद्यमका बारेमा जानकारी दिन (कपडा सिलाउने, कपाल काट्ने नाइ, फलामको समान बनाउने लोहार, इटा कारखाना, आरन)<br>• कृषिमा प्रयोग हुने औजारका बारेमा बताउन (फरुवा, हँसिया, हलो आदि) | • विद्यार्थीलाई स्थानीय उद्यमका बारेमा जानकारी दिने<br>• नजिक चलेका कुनै उद्यमका बारेमा जानकारी दिएर उद्यमलाई स्पष्ट पारिदिने<br>• विद्यार्थीलाई कृषि औजारका बारेमा प्रश्न सोध्ने | • तपाइँका वडामा के के उद्यम चलेका छन् ?<br>• तपाइँले जानेका कुनै दुई उद्यमको नाम भन्नुहोस् ।<br>• तपाइँले जानेका कुनै दुई कृषि औजारका नाम भन्नुहोस् । | २० |

| कक्षा | सिकाइ उपलब्धि | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन | अनुमानित पाठ्यभार |
|---|---|---|---|---|---|---|
| ४ | • स्थानीय उद्योग, व्यवसाय र बजारका बारेमा जानकारी लिन | • स्थानीय उद्योग, व्यवसाय र बजार | • स्थानीय उद्योगको परिचय दिन (चिउरा उद्योग, कुल्फी उद्योग, पाउरोटी, बतासा उद्योग आदि)<br>• स्थानीय स्तरमा सञ्चालित व्यवसायका बारेमा बताउन ठेला, दुग्ध व्यवसाय,<br>• मायादेवीका उद्योगका बारेमा बताउन (इँटा उद्योग आदि)<br>• स्थानीय बजारका बारेमा जानकारी दिन (सुक्रौली, गुन्डा) | • विद्यार्थीलाई स्थानीय उद्योगका बारेमा जानकारी दिने<br>• स्थानीयस्तरमा चलेका उद्योगका बारेमा जानकारी दिने<br>• मायादेवीमा लाग्ने बजारका बारेमा जानकारी दिने | • तपाइँले कुन कुन उद्योग देख्नुभएको छ ?<br>• तपाइँले कुन कुन बजार देख्नुभएको छ ? | १८ |
| ५ | • स्थानीय पेसाव्यवसायको आवश्यकता बताउन<br>• पक्षीपालनका बारेमा जानकारी लिन | • पेसा र व्यवसाय<br>• पक्षीपालन व्यवसाय | • पेसा र व्यवसायको आवश्कता बताउन<br>• पक्षीपालन (कुखुरा, हाँस र परेवा) | • विद्यार्थीलाई पेसाव्यवसायको आवश्यकता सोध्ने<br>• विद्यार्थीलाई पक्षीपालनका बारेमा सोध्ने | • मानिसले किन पेसाव्यवसाय गर्छन् ?<br>• तपाइँको घरमा कुन कुन पक्षी पालिएका छन् ? | १८ |
| ६ | • उद्यम र प्रविधिको सम्बन्ध थाहा पाउन | • उद्यम र प्रविधि | • हाम्रा उद्यम र प्रविधिको सम्बन्ध बताउन ढिकी, ओखरी, जाता, ढकिया, सिपोला (सुपो), गगरी खाँची आदि) | • विद्यार्थीलाई उद्यमका बारेमा सोध्ने<br>• विद्यार्थीलाई परम्परागत प्रविधिका बारेमा सोध्ने | • उद्यम भनेको के हो ?<br>• परम्परागत प्रविधिमा के के पर्छन् ? | १८ |

| कक्षा | सिकाइ उपलब्धि | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन | अनुमानित पाठ्यभार |
|---|---|---|---|---|---|---|
| ७ | • परम्परागत प्रविधिको आश्यकता र महत्व उल्लेख गर्न<br>• माछापालन र बाखापालनको महत्व उल्लेख गर्न | • परम्परागत प्रविधि<br>• माछापालन र बाखापालन | • हाम्रा परम्परागत प्रविधिको महत्व बताउन<br>• परम्परागत प्रविधको आवश्यकता बताउन( चिपरी, कुवा गुइठा, विडवा, दिया, डेहरी, दरबा, चुल्हा, बोरसी, परई, हाँडी आदि)<br>• पेसा र व्यवसायको आवश्कता बताउन (माछापालन, बाखापालन) | • परम्परागत प्रविधिका बारेमा जानकारी दिने<br>• विद्यार्थीलाई परमपरागत प्रविधिका बारेमा जानकारी दिने<br>• माछापालन व्यवसायका बारेमा जानकारी दिने | • परम्परागत प्रविधिको के कस्तो महत्व रहेको छ ?<br>• कुनै दुई परम्परागत प्रविधिका नाम भन्नुहोस् ।<br>• माछापालन कस्तो व्यवसाय हो ? | १८ |
| ८ | • परम्परागत प्रविधिबाट विकसित आधुनिक प्रविधिका बारेमा जानकारी पाउन<br>• पशुपालनका बारेमा जानकारी पाउन | • परम्परागत प्रविधि<br>• पशुपालन व्यवसाय | • परम्परागत प्रविधिको आधुनिक रूप पहिचान गर्न( सितोला, गडासा, हसुवा, पखुवा, हेलुका झिङ्गरी, विडवा, गोवरी आदि)<br>• पशुपालन (गाई र भैंसी) | • विद्यार्थीलाई परम्परागत प्रविधिबाट नै आधुनिक प्रविधिको विकास भएको हो भन्ने जानकारी दिने<br>• मायादेवीमा प्रचलित परम्परागत प्रविधिका बारेमा जानकारी दिने<br>• सबै विद्यार्थीलाई पशुपालनका बारेमा जानकारी दिने | • कुन परम्परागत प्रविधिबाट कुन आधुनिक कुरा आएको होला ? अनुमान गर्नुहोस् ।<br>• तपाईंले जानेका कुनै तीन परम्परागत प्रविधिका नाम भन्नुहोस् ।<br>• तपाईंको घरमा पालिएका पशुको नाम भन्नुहोस् । | १८ |

## क्षेत्र : ६ : प्रकोप र विपद् व्यवस्थापन

| कक्षा | सिकाइ उपलब्धि | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन | अनुमानित पाठ्यभार |
|---|---|---|---|---|---|---|
| १ | ● बाढी र आगलागीका कारण र सावधानीका उपाय बताउन | ● बाढी र आगलागी | ● बाढी र आगलागीका कारण र सावधानी | ● बाढी र आगलागीका कारणबारे छलफल गर्ने<br>● बाढी र आगलागीबाट बच्न सावधानीका उपायबारे बताउन | ● मायादेवी गाउँपालिकाको बाढीका जोखिमका क्षेत्र कुन कुन हुन् ?<br>● घरमा आगलागी हुँदा के गर्नुपर्छ ? | १८ |
| २ | ● सुखा, असिना, लुह, शीतलहर, आँधीतुफान र जोगिने उपाय थाहा पाउन | ● सुखा (सुख्खा), असिना, लुह (लु), शीतलहर, आँधीतुफान | ● सुखा, असिना, लुह, शीतलहर, आँधीतुफान र जोगिने उपाय | ● सुखा, असिना, लुह, शीतलहर, आँधीतुफान र जोगिने घरेलु उपाय बारे जानकारी गराउने | ● लु र शीतलहरबाट बच्न के गर्न सकिन्छ ? | १८ |
| ३ | ● सडक दुर्घटना र सर्पदंशबाट बच्ने उपायबारे जानकारी लिन | ● सडक दुर्घटना र सर्पदंश | ● सडक दुर्घटना र सर्पदंशबाट बच्ने उपाय | ● सडक दुर्घटनाका कारण बताएर जोगिने उपायबारे छलफल गर्ने<br>● सर्पदंशबाट बच्ने उपाय र प्राथमिक उपचारबारे जानकारी दिने | सर्पदंश भनेको के हो ? सर्पदंश भएमा प्राथमिक उपचार कसरी गर्न सकिन्छ ? | १८ |
| ४ | ● स्थानीय महामारीबाट बच्ने उपायबारे जानकारी प्राप्त गर्न | ● महामारी | ● स्थानीय महामारी (हैजा, सरुवा रोग, कोभिड, विफर, दादुरा, चेचक आदि) बाट बच्ने उपाय | ● स्थानीय महामारी (हैजा, सरुवा रोग आदि) बाट बच्ने उपायबारे छलफल गर्ने | स्थानीय क्षेत्रमा आउन सक्ने महामारीका बारेमा छलफल गर्नुहोस् । | १५ |
| ५ | ● डुबान, नदीकटान, विद्युत् दुर्घटनाबाट बच्ने उपाय बताउन | ● डुबान, नदीकटान, विद्युत् दुर्घटना र बच्ने उपाय | ● डुबान, नदीकटान, विद्युतीय गडबडीबाट हुने दुर्घटना र बच्ने उपाय | ● डुबान, नदीकटान, विद्युत् दुर्घटनाको जोखिमबारे छलफल गरी बच्ने उपाय बताउने | ● विद्युतीय गडबडीका कारण हुने दुर्घटनाबाट बच्न के गर्नुपर्छ ? | १५ |

| कक्षा | सिकाइ उपलब्धि | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन | अनुमानित पाठ्यभार |
|---|---|---|---|---|---|---|
| ६ | • प्राकृतिक प्रकोप न्यूनीकरणका उपाय बताउन | • प्राकृतिक प्रकोप न्यूनीकरणकाउपाय | • प्राकृतिक प्रकोप न्यूनीकरणका उपाय (आगलागी, बाढी, महामारी, भूकम्प, ग्याँस चुलो आदि) | • प्राकृतिक प्रकोपअन्तर्गत के के पर्छन् भन्ने कुरा बताएर न्यूनीकरणका उपायमाथि छलफल गर्ने | • प्राकृतिक प्रकोप न्यूनीकरणका उपाय लेख्नुहोस् ।<br>• स्थानीय पाका व्यक्तिसँग भेट गरी प्रकोपबाट बच्ने परम्परित विधिका बारेमा जानकारी लिनुहोस् । | १५ |
| ७ | • विपद् पूर्व तयारी र प्राथमिक उपचारबारे जानकारी लिन<br>• सडक दुर्घटना र सुरक्षाका उपायबारे बताउन | • विपद् पूर्व तयारी र प्राथमिक उपचार<br>• सडक दुर्घटना र सुरक्षा | • विपद् पूर्व तयारी र प्राथमिक उपचार<br>• सडक दुर्घटना र सुरक्षाका उपाय | • विपद् पूर्व तयारी कसरी गर्न सकिन्छ भन्नेबारे छलफल गर्ने<br>• विपद्को प्राथमिक उपचारबारे जानकारी गराउने<br>• सडक दुर्घटना र सुरक्षाका उपायबारे बताउने | • विपद् पूर्वतयारीअन्तर्गत झटपट झोलामा के के सामग्री राख्नुपर्छ ?<br>• प्राथमिक उपचारमा के के सामग्री आवश्यक हुन्छ ? | १५ |
| ८ | • सुरक्षित विद्यालयको अवधारणा थाहा पाउन<br>• प्राकृतिक र मानवनिर्मित विपद् र जोखिम न्यूनीकरणका तरिकाबारे जान्न | • सुरक्षित विद्यालय<br>• प्राकृतिक र मानवनिर्मित विपद् र जोखिम न्यूनीकरण | • सुरक्षित विद्यालयको अवधारणा<br>• प्राकृतिक र मानवनिर्मित विपद् र जोखिम न्यूनीकरणका तरिका | • सुरक्षित विद्यालयको अवधारणाबारे बताइदिने र यसका लागि विद्यार्थीलाई पनि सहभागी गराउने<br>• प्राकृतिक र मानवनिर्मित विपद्अन्तर्गत पर्ने विपद्को जानकारी गराउने<br>• विपद् जोखिम न्यूनीकरणका तरिकाबारे छलफल गर्ने | • सुरक्षित विद्यालयमा के के कुरा हुनुपर्छ ?<br>• विपद् जोखिम न्यूनीकरणका उपायबारे छलफल गर्नुहोस् । | १५ |

## क्षेत्र : ७ : कृषि तथा स्थानीय उत्पादन

| कक्षा | सिकाइ उपलब्धि | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन | अनुमानित पाठ्यभार |
|---|---|---|---|---|---|---|
| १ | • घर तथा समुदायमा उत्पादन हुने कृषिजन्य उत्पादनको पहिचान गर्न | • घर तथा समुदायमा उत्पादन हुने कृषिजन्य उत्पादनको पहिचान | • घर तथा समुदायमा उत्पादन हुने कृषिजन्य उत्पादनको पहिचान (धान मकै, गहुँ ,जौं, खरबुजा) | • घर तथा समुदायमा उत्पादन हुने कृषिजन्य उत्पादनको नाम बताइदिने | • तपाईंको समुदायमा उत्पादन हुने कृषिजन्य उत्पादनको नाम भन्नुहोस् । | २२ |
| २ | • फलफूल खेतीको महत्व थाहा पाउन<br>• घरमा उत्पादन हुने बालीनालीको नाम थाहा पाउन | • फलफूल खेती<br>• बालीनाली | • फलफूल खेती (आँप, कटहर, केरा, उखु अम्बा मेवा अन्य) खेतीको परिचय र महत्व<br>• आफ्नो घरमा वर्ष भरिमा उत्पादन हुने बालीनालीको नाम | • फलफूल खेतीको महत्वबारे कक्षामा छलफल गर्ने<br>• विद्यार्थीलाई घरमा उत्पादन हुने बालीनालीको नाम भन्न लगाउने | • घरमा उत्पादन हुने बालीनालीको नाम भन्नुहोस् ।<br>• तपाईंलाई कुन फलफूल मन पर्छ ? | २२ |
| ३ | • तरकारी खेतीका बारेमा जानकारी लिन<br>• घरमा प्रयोग हुने तरकारी, अन्नबाली, नगदेबाली र फलफूलको नाम बताउन | • तरकारी खेती<br>• घरमा प्रयोग हुने तरकारी, अन्नबाली, नगदेबाली र फलफूल | • तरकारी खेती (स्थानीय क्षेत्रमा उत्पादन हुने तरकारीहरू)<br>• घरमा प्रयोग हुने तरकारी, अन्नबाली, नगदेबाली र फलफूलको जानकारी | • स्थानीय क्षेत्रमा गरिने तरकारी खेतीका बारेमा समूहगत छलफल गर्ने<br>• विद्यार्थीलाई घरमा प्रयोग हुने तरकारी, अन्नबाली, नगदेबाली र फलफूलको नाम भन्न लगाउने | • घरको करेसाबारीमा कुन कुन तरकारी खेती गर्न सकिन्छ ?<br>• तपाईंको घरमा प्रयोग हुने तरकारी, अन्नबाली, नगदेबाली र फलफूलको नाम भन्नुहोस् । | २२ |

| कक्षा | सिकाइ उपलब्धि | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन | अनुमानित पाठ्यभार |
|---|---|---|---|---|---|---|
| ४ | • बालीको परिचय र वर्गीकरण गर्न<br>• गाउँपालिका भित्रका कृषि पकेट क्षेत्रको पहिचान गर्न<br>• व्यावसायिक कृषिबाट हुने आर्थिक महत्व थाहा पाउन | • बालीको परिचय र वर्गीकरण<br>• गाउँपालिकाभित्रका कृषि पकेट क्षेत्रको पहिचान<br>• व्यावसायिक कृषिबाट हुने आर्थिक महत्व | • बालीको परिचय र वर्गीकरण (अन्नबाली, तेलहन, दलहन आदि)<br>• गाउँपालिकाभित्रका कृषि पकेट क्षेत्रको पहिचान (धान, गहुँ, मकै, तरकारी आदि)<br>• व्यावसायिक कृषि व्यवसायबाट हुने आर्थिक महत्व | • बालीको परिचय दिई यसको वर्गीकरण गरिदिने<br>• गाउँपालिकाभित्रका कृषि पकेट क्षेत्र कुन कुन हुन् भन्ने बारे बताएर त्यहाँ उत्पादन हुने मुख्य कृषिजन्य वस्तुको नाम बताइदिने<br>• व्यावसायिक कृषिबाट हुने आर्थिक महत्व बताइदिने | • बालीको परिचय दिनुहोस् ।<br>• तपाईंको वडामा धेरै खेती बाली कुन हो ?<br>• व्यावसायिक कृषिबाट हुने आर्थिक फाइदा बताउनुहोस् । | १८ |
| ५ | • तेलहन र दलहन बालीको परिचय दिई खेती गर्ने समय थाहा पाउन<br>• कम्पोस्ट मल बनाउन र करेसाबारी निर्माण गर्न | • तेलहन र दलहन बाली<br>• कम्पोस्ट मल र करेसाबारी | • तेलहन र दलहन बालीको परिचय र खेतीको मौसम तथा तरिका<br>• कम्पोस्ट मल र करेसाबारीको निर्माण | • तेलहन र दलहन बालीको परिचय दिई खेती गर्ने समय थाहा पाउन<br>• कम्पोस्ट मल बनाउन सिकाउने<br>• विद्यालयमा करेसाबारी निर्माण गर्न लगाउने | • तेलहन र दलहन बालीमा के के पर्छन् ?<br>• घरमा निस्केको फोहोरबाट कम्पोस्ट मल कसरी बनाउन सकिन्छ ?<br>• घरमा करेसाबारी बनाउनुहोस् । | १८ |
| ६ | • मौसमी तथा बेमौसमी तरकारी खेतीकार्यमा सहभागिता जनाउन<br>• नगदेवालीको परिचय दिई महत्व बताउन | • मौसमी तथा बेमौसमी तरकारी खेतिको परिचय दिन र खेती गर्ने कार्यमा सहभागिता<br>• नगदेवालीको परिचय र प्रयोग | • मौसमी तथा बेमौसमी तरकारी खेतीको परिचय दिन र खेती गर्ने कार्यमा सहभागिता (तरकारी खेती, गोडमेल, सिँचाइ.)<br>• नगदेबालीको परिचय र प्रयोग (तोरी, उखु, टमाटर, मेवा, केरा, सिमी आदि) | • मौसमी तथा बेमौसमी तरकारी खेती कसरी गर्न सकिन्छ भन्ने बारे विशेषज्ञ बोलाएर सिकाउने ।<br>• नगदेवालीको परिचय दिई महत्व बताउने र मायादेवी गाउँपालिकाका नगदेबालीको परिचय दिने | • मौसमी र बेमौसमी तरकारी खेती भनेको के हो ?<br>• मायादेवी गाउँपालिकाका नगदेबालीको नाम लेख्नुहोस् । | १८ |

| कक्षा | सिकाइ उपलब्धि | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन | अनुमानित पाठ्यभार |
|---|---|---|---|---|---|---|
| ७ | ● आधुनिक र व्यावसायिक तरकारी खेतीबारे जानकारी लिन<br>● खेतीपातीमा प्रयोग गरिने विषादिको उचित प्रयोगको तरिका पहिचान र प्रयोग गर्न | ● आधुनिक र व्यावसायिक तरकारी खेती<br>● खेतीपातीमा प्रयोग गरिने विषादिको प्रयोगको अवस्था | ● आधुनिक र व्यावसायिक तरकारी खेती तरिका र फाइदा<br>● खेतीपातीमा प्रयोग गरिने (किटनाशक, ढुशी नाशक) विषादिको समुचित प्रयोगको तरिका | ● आधुनिक र व्यावसायिक तरकारी खेती कसरी गर्न सकिन्छ भन्नेबारे बताउने र यसबाट हुने फाइदाको जानकारी दिने<br>● खेतीपातीमा प्रयोग गरिने विषादिको प्रयोगका बारेमा बताउने र जैविक विषादीको प्रयोगबारे स्पष्ट पार्ने । | ● व्यावसायिक खेतीबाट हुने फाइदा लेख्नुहोस् ।<br>● खेतीपातीमा विषादी प्रयोगबाट स्वास्थ्यमा पार्ने प्रभावबारे लेख्नुहोस् ।<br>● जैविक विषादी भनेको के हो ? | १८ |
| ८ | ● स्थानीय तरकारीको उत्पादन र व्यावसायीकरण कसरी गर्न सकिन्छ भन्नेबारे जानकारी लिन<br>● जैविक खेती प्रणाली र सिँचाइ पद्धतिबारे बुझ्न | ● स्थानीय तरकारीको उत्पादन र व्यावसायीकरण<br>● जैविक खेती प्रणाली र सिँचाइ | ● स्थानीय तरकारीको व्यावसायीकरण (टमाटर, काउली, खुर्सानी, भिन्डी आदि)<br>● जैविक खेती प्रणाली र सिँचाइ (कुलो, डिप बोरिङका) को महत्व र आवश्यकता | ● स्थानीय तरकारीको उत्पादन र व्यावसायीकरण गर्न के कस्ता उपाय अवलम्बन गर्नुपर्छ भन्नेबारे छलफल गर्ने<br>● जैविक खेती प्रणालीका बारेमा बताइदिने<br>● कृषिमा सिँचाइको महत्व बताएर मायादेवीको सिँचाइ पद्धतिबारे छलफल गर्ने । | ● कृषिको व्यावसायीकरणबाट हुने फाइदा लेख्नुहोस् ।<br>● जैविक खेती प्रणाली भनेको के हो ? | १८ |

## क्षेत्र : ८ : योग-ध्यान, स्थानीय खेल र प्राकृतिक चिकित्सा

| कक्षा | सिकाइ उपलब्धि | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन | अनुमानित पाठ्यभार |
|---|---|---|---|---|---|---|
| १ | • सुखासन र ज्ञानमुद्राबारे बताउन । <br>• आफूलाई मनपर्ने खेलका नाम बताउन | • योग ध्यान <br>• स्थानीय खेल | • सुखासन र ज्ञानमुद्राको अवस्थाबारे बताउन । <br>• आफुलाई मन पर्ने खेलका नाम भन्न (गट्टा वा गोटी) | • सुखासन र ज्ञानमुद्रा सम्बन्धी पोस्टर र भिडियो प्रदर्शन गर्ने र विद्याथीहरूलाई गर्न लगााउने । <br>• स्थानीय खेल गट्टाको अभ्यास गराउने | • विद्यार्थीलाई सुखासन र ज्ञानमुद्रामा बस्न लगाउने र मिले नमिलेको अवलोकन गर्नुहोस् । <br>• गट्टा खेल खेल्नुहोस् । | १५ |
| २ | • ओम उच्चारण र ध्यान गर्न <br>• आफ्नो टोल र वडामा खेलिने स्थानीय खेलको नाम भन्न र खेल खेल्न | • योग ध्यान <br>• स्थानीय खेल | • ओम उच्चारण र ध्यान <br>• स्थानीय खेल (वडा र समुदायमा खेलिने दौड, लुकामारी) । | • विद्यार्थीलाई निर्देशनअनुसार ओम उच्चारण, मुद्रामा ध्यान र आसन सम्बन्धी पोस्टर र भिडियो शिक्षकहरूले गरी देखाई विद्यार्थीलाई गर्न लगाउने । <br>• आफ्नो स्थानीय स्तरमा खेलिने खेल खेल्न लगाउने । | • ओम उच्चारण र श्वासको आरोह, अवरोह मिले नमिलेको अवलोकन गर्ने । <br>• स्थानीय खेल खेल्न लगाउने । | १५ |
| ३ | • योगासनबाट हुने फाइदा बताउन <br>• स्थानीय स्तरमा खेलिने खेल खेल्न | • योग ध्यान <br>• स्थानीय खेल | • योगासनको परिचय र महत्त्व <br>• स्थानीय स्तरमा खेलिने खेल (जस्तै : डोरी खेल, ढिपोक, पौडी आदि) । | • योगासनसम्बन्धी सम्बन्धी भिडियो, पोस्टरको प्रदर्शन गर्ने । <br>• डोरी खेल, ढिपोक, पौडी आदि) आदि स्थानीय स्तरमा खेलिने खेल खेल्न लगाउने | • विद्यार्थीहरूलाई योगासनबाट हुने फाइदा भन्न लगाउनुहोस् । <br>• स्थानीय स्तरमा खेलिने खेलको अभ्यास गर्नुहोस् । | १५ |
| ४ | • ध्यान तथा प्राणायामबारे बुझ्न <br>• गाउँपालिकामा खेलिने खेलका नियम बताउन | • योग ध्यान <br>• स्थानीय खेल | • ध्यान तथा प्राणायामको परिचय र महत्व <br>• स्थानीय खेल डन्डीबियो (गुल्लीडन्डा) | • ध्यान तथा प्राणायमबाट हुने फाइदा बताइदिने <br>• डन्डीबियो खेल्ने नियमका बारेमा बताइदिने | • ध्यान र प्राणायामबाट हुने फाइदा लेख्नुहोस् । <br>• डन्डीबियो खेल खेल्नुहोस् । | १२ |

| कक्षा | सिकाइ उपलब्धि | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन | अनुमानित पाठ्यभार |
|---|---|---|---|---|---|---|
| ५ | • शारिरीक कसरतका लागि स्थानीय स्तरमा प्रचलित अभ्यासहरू गर्न | • स्थानीय खेलकुद, योग, व्यायाम | • स्थानीय स्तरमा शारिरीक अभ्यासका लागि खेलिने खेलहरू जस्तैः दौड, भकुण्डो त्यसैगरी शरीर तन्काउने, उफ्रने जस्ता खेल र खेल्ने तरिकाको वर्णन तथा खेल अभ्यासको वर्णन | • स्थानीय क्षेत्रमा खेलिने विभिन्न खेलहरू खेल्ने खेलहरूको सूची प्रस्तुत गर्ने र खेल्ने तरिकाबारे छलफल सहित अभ्यास गराउने । जस्तैः खेलहरूः दौड, भकुण्डो त्यसैगरी शरीर तन्काउने, उफ्रने जस्ता खेलहरू । | • आफ्नो विद्यालय तथा गाउँघरमा खेलिने खेलहरूको परिचय दिन लगाउनुहोस् ।<br>• कुनै दुईवटा स्थानीय खेलहरूको प्रतिस्पर्धा गराउनुहोस् । | १२ |
| ६ | • स्थानीय स्तरमा खेलिने खेलकुद तथा योग व्यायामको महत्वबोध गरी खेल तथा योगहरूको अभ्यास गर्न | • स्थानीय खेलकुद, योग, व्यायाम | • स्थानीय स्तरमा शारिरीक अभ्यासका लागि खेलिने खेलहरू खेल्ने तरिकाको वर्णन तथा खेल अभ्यास र यसको महत्व सम्बन्धी वर्णन<br>• योग ध्यानको फाइदा | • स्थानीय क्षेत्रमा खेलिने खेलहरूको महत्वको सूची तयार पारी कक्षामा प्रस्तुत गर्ने । जस्तैः परम्परागत अभ्यास कायम, शारीरिक तन्दुरुस्ती आदि ।<br>• योग ध्यानका फाइदाहरूबारे चर्चा गर्ने (शारीरिक तथा मानसिक फाइदा) स्थानीय विज्ञको सहयोगमा विभिन्न योग व्यायामहरू गराउने । | • स्थानीय क्षेत्रमा खेलिने खेलहरूको महत्वको सूची बनाउन लगाउनुहोस् ।<br>• योग ध्यानका फाइदा बताउन लगाउनुहोस् ।<br>• कुनै दुईवटा स्थानीय खेलहरूको प्रतिस्पर्धा गराउनुहोस् । | १२ |
| ७ | • योग ध्यानको परिचय दिई, विभिन्न प्रकारका योगप्रणायाम र ध्यानको अभ्यास गर्न<br>• प्राकृतिक चिकित्साको परिचय बताउन | • स्थानीय खेलकुद, योग, व्यायाम<br>• प्राकृतिक चिकित्सा | • योग ध्यानको परिचय, विभिन्न प्रकारका योगप्रणायाम र ध्यानको अभ्यास सम्बन्धी जानकारी<br>• प्राकृतिक चिकित्साको परिचय र महत्व | • विभिन्न योगहरूको नामसहित गर्ने तरिकाबारे भिडियो प्रस्तुत गर्ने । जस्तै बसेर गर्ने (गौमुखासन, बज्रासन) उठेर गर्ने (ताडासन, धुवासन) लगायत योगहरूको नाम पहिचान र अभ्यास)<br>• योग ध्यानका फाइदाहरूबारे चर्चा गर्ने (शारीरिक तथा मानसिक फाइदा) बारेमा चर्चा गर्ने ।<br>• प्राकृतिक चिकित्सा पद्धतिका बारेमा छलफल गर्ने | • बसेर, उठेर वा सुतेर गर्ने कुनै २।२ वटा आशन गरेर देखाउन लगाउनुहोस् ।<br>• कुनै एउटा योग तथा आसनको बारेमा वर्णन गर्न लगाउनुहोस् ।<br>• प्राकृतिक चिकित्साको फाइदा लेख्नुहोस् । | १२ |

| कक्षा | सिकाइ उपलब्धि | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन | अनुमानित पाठ्यभार |
|---|---|---|---|---|---|---|
| ८ | ● स्थानीय क्षेत्रमा भएका योग तथा ध्यान केन्द्रको परिचय र संचालित गतिविधिको पहिचान र जानकारी लिन<br>● प्राकृतिक चिकित्सा पद्धतिका बारेमा जानकारी लिन र उपयोगिता बताउन | ● स्थानीय खेलकुद, योग, व्यायाम<br>● प्राकृतिक चिकित्सा पद्धति | ● स्थानीय क्षेत्रमा भएका योग तथा ध्यान केन्द्रको परिचय र सञ्चालित गतिविधिहरू र तिनीहरूको प्रवर्धन (विपश्यना केन्द्र)<br>● प्राकृतिक चिकित्सा पद्धति (मालिस, जल, माटो, चुम्बक, वायु चिकित्सा, गुमा (गोमा), उपवास) | ● स्थानीय क्षेत्रमा भएका योग, व्यायाम, जिम, खेलकुद प्रशिक्षण केन्द्र आदिको खोजी गरी सूची बनाउने र तिनीहरूले संचालन गर्दै आएका क्रियाकलापहरूबारे बताउने ।<br>● विद्यालय नजिकैको कुनै एक योग, व्यायाम, जिम, खेदकुद प्रशिक्षण केन्द्रको अवलोकन भ्रमण गराई त्यसको सेवा सुविधासम्बन्धी सञ्चालकसँग छलफल गरी प्रतिवेदन तयार पार्न लगाउने ।<br>● प्राकृतिक चिकित्सा पद्धति (मालिस, जल, माटो, चुम्बक, वायु चिकित्सा) का बारेमा छलफल गर्ने | ● स्थानीय कुनै एक खेलकुद, योग, व्यायाम प्रशिक्षण केन्द्रको परिचय दिन लगाउने ।<br>● योग ध्यानले कसरी हाम्रो स्वास्थ्यमा राम्रो प्रभाव पार्दछ भन्ने बारेमा सूची बनाई प्रस्तुत गर्न लगाउने ।<br>● म ा ि ल स क ा बारेमा अभिभावकसँग सोधेर यसबाट हुने फाइदा लेख्नुहोस् । | १२ |

# क्षेत्र : ९: स्थानीय सङ्घसंस्था र व्यक्ति

| कक्षा | सिकाइ उपलब्धि | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन | अनुमानित पाठ्यभार |
|---|---|---|---|---|---|---|
| १ | • बालक्लबका बारेमा जानकारी लिन | • बालक्लब | • आफ्नो टोलमा रहेका बालक्लब | • विद्यार्थीलाई टोलमा रहेका सङ्घसंस्थाका बारेमा प्रश्न सोध्ने<br>• विद्यार्थीलाई बाल क्लबले गर्ने कामका बारेमा छलफल गर्ने | • तपाईंको टोलमा रहेका कुनै दुई संस्थाको नाम भन्नुहोस् ।<br>• बाल क्लबका बारेमा भन्नुहोस् । | १२ |
| २ | • टोल विकास संस्थाका बारेमा जानकारी लिन | • टोल विकास संस्था | • टोल विकास संस्थाको काम | • विद्यार्थीलाई वडामा रहेका सङ्घसंस्थाका बारेमा प्रश्न सोध्ने<br>• टोल विकास संस्थाका बारेमा सोध्ने | • तपाईंको वडाका कुनै दुई संस्थाको नाम भन्नुहोस् ।<br>• टोल विकास संस्थाले के काम गर्छ ? | १२ |
| ३ | • आफूले पढ्ने शैक्षिक संस्थाका बारेमा बताउन | • शैक्षिक संस्था | • शैक्षिक संस्था (सामुदायिक र संस्थागत) | • विद्यार्थीलाई शैक्षिक संस्थाका बारेमा प्रश्न सोध्ने<br>• आफूले अध्ययन गर्ने विद्यालयका बारेमा सोध्ने | • शैक्षिक संस्था कति प्रकारका हुन्छन् ?<br>• तपाईंले जानेका कुनै तीन शैक्षिक संस्थाको नाम भन्नुहोस् । | १२ |
| ४ | • धार्मिक संस्था र आमासमूह महत्व तथा तिनले गर्ने कामबारे जानकारी लिन | • धार्मिक संस्था र आमासमूह | • सङ्घसंस्थाको महत्व र आवश्यकता (धार्मिक संस्था र आमासमूह) | • विद्यार्थीलाई सङ्घसंस्थाको महत्व र आवश्यकताका बारेमा सोध्ने<br>• धार्मिक संस्थाअन्तर्गत कुन कुन संस्था पर्छन् भन्ने कुरा बताइदिने<br>• आमासमूहले गर्ने सामाजिक कामका बारेमा बताइदिने | • कक्षामा पालैपालो सङ्घसंस्थाको महत्व भन्नुहोस् ।<br>• तपाईंको टोलमा आमासमूहले गरेका काम उल्लेख गर्नुहोस् । | १० |

| कक्षा | सिकाइ उपलब्धि | विषयवस्तु | विषयवस्तुको विस्तृतीकरण | शिक्षण सिकाइ क्रियाकलाप | मूल्याङ्कन | अनुमानित पाठ्यभार |
|---|---|---|---|---|---|---|
| ५ | • (सहकारी, जनकल्याण बहुउद्देश्यीय, प्रेस क्लब आदि सङ्घसंस्थाले गर्ने कामका बारेमा जानकारी लिन | • सहकारी र अन्य संस्था | • सङ्घसंस्थाले गर्ने काम (सहकारी, जनकल्याण बहुउद्देश्यीय, प्रेस क्लब आदि) | • विद्यार्थीलाई सङ्घसंस्थाको महत्व र आवश्यकताबारे छलफल गर्न लगाउने<br>• सहकारी, जनकल्याण बहुउद्देश्यीय, प्रेस क्लब आदिले गर्ने कामका बारेमा बताइदिने | • तपाइँलाई कस्ता संस्था मन पर्छन् ?<br>• सहकारीबाट हुने फाइदा लेख्नुहोस् । | १० |
| ६ | • शैक्षिक गुठी तथा सामाजिक, आर्थिक तथा शैक्षिक क्षेत्रमा योगदान दिने संस्थाको परिचय बताउन | • शैक्षिक गुठी तथा सामाजिक, आर्थिक तथा शैक्षिक क्षेत्रमा योगदान दिने संस्था | • आफ्नो र छिमेकी वडामा रहेका सङ्घसंस्था (शैक्षिक गुठी तथा सामाजिक, आर्थिक तथा शैक्षिक क्षेत्रमा योगदान दिने संस्था) | • विद्यार्थीलाई आआफ्नो वडामा रहेका सङ्घसंस्थाका बारेमा भन्न लगाउने<br>• विद्यार्थीलाई सामाजिक तथा आर्थिक क्षेत्रमा काम गर्ने संस्थाका बारेमा सोध्ने र शिक्षकले तिनको भूमिकाका बारेमा बताइदिने | • तपाइँले छिमेकी वडामा कुन कुन सङ्घसंस्था देख्नुभएको छ ?<br>• कुनै संस्थाका बारेमा तीन वाक्य भन्नुहोस् । | १० |
| ७ | • मानवसेवामा समर्पित संस्थाका बारेमा जानकारी लिन | • स्वास्थ्य चौकी, आयुर्वेद अस्पताल र खोप केन्द्र | • मानवसेवामा समर्पित संस्थाका बारेमा जानकारी दिने (स्वास्थ्य चौकी र खोप केन्द्र) | • पालिकामा रहेका स्वास्थ्य चौकीका बारेमा बताउने र तिनले दिने सेवाका बारेमा छलफल गर्ने<br>• विद्यार्थीलाई आफ्नो वडा वा वडा नजिक रहेका स्वास्थ्य चौकीबाट प्रदान गरिने सेवाका बारेमा सोध्ने<br>• स्थानीय खोप केन्द्रका बारेमा बताइदिने | • स्वस्थ्य चौकीले के के काम गर्छ ?<br>• खोप केन्द्र किन आवश्यक छ ? | १० |
| ८ | • मायादेवी र गौतम बुद्धको जीवनी बताउन<br>• गौतम बुद्धका आर्य सत्य र पञ्चशीलका बारेमा जानकारी लिन | • मायादेवी र गौतम बुद्ध<br>• आर्य सत्य र पञ्चशीलको सिद्धान्त | • मायादेवी र गौतम बुद्धको जीवनी<br>• बुद्धले भनेका आर्य सत्य र पञ्चशीलको सिद्धान्त<br>• किशोर किशोरी समूह, युवाक्लब, रेडक्रस र स्काउट | • मायादेवी र गौतम बुद्धको जीवनीका बारेमा बताइदिने<br>• बुद्धले भनेका आर्य सत्य र पञ्चशीलको सिद्धान्तका बारेमा छलफल गर्ने | • मायादेवीका बारेमा भन्नुहोस् ?<br>• बुद्धले भनेका आर्य सत्यको महत्वका बारेमा लेख्नुहोस् । | १० |

# तेस्रो परिच्छेद

## प्रक्रिया, विधि र मूल्याङ्कन

### ३.१ स्थानीय पाठ्यक्रम विकास एवम् कार्यान्वयनमा विभिन्न निकायको भूमिका

**(क) विद्यार्थी :** आधारभूत तह कक्षा १- ८ पढ्ने विद्यार्थीको रुचि, आवश्यकता र चाहनालाई आधार मानेर स्थानीय पाठ्यक्रम विकास गर्नुपर्दछ। जुन भूगोल र समुदायका बालबालिकाहरूका लागि पाठ्यक्रम विकास गरिएको छ त्यसले उक्त भूगोल र समुदायसँग सम्बन्धित सिकाइ अनुभव एवम विषयवस्तुलाई सम्बोधन गर्नुपर्छ।

**(ख) शिक्षक :** विद्यार्थीको उमेर, रुचि, क्षमता, शैक्षिक सामग्रीको उपलब्धता, विद्यालयको वातावरण, पाठ्यक्रमबाट प्राप्त उपलब्धि, विषयवस्तु आदिका पक्षमा गहन छलफल गरी विकास गर्नुपर्छ।

**(ग) अभिभावक :** विद्यार्थीका अपेक्षा, आवश्यक विषयवस्तु, सिकाइ प्रक्रिया आदि विषयका बारेमा छलफल गरी सुझाव दिनुपर्दछ।

**(घ) शिक्षक-अभिभावक सङ्घ :** बालबालिकाको अध्ययन अध्यापन, सिकाइ प्रक्रिया, स्थानीय पाठ्यक्रमका विषयवस्तु र कार्यान्वयनका बारेमा छलफल गरी सुझाव दिनुपर्छ।

**(ङ) विद्यालय व्यवस्थापन समिति :** स्थानीय पाठ्यक्रम विकास र कार्यान्वयनका क्रममा देखापर्ने वा आइपर्ने समस्या र सो समाधानका बारेमा छलफल गरी सुझाव दिनुपर्छ।

**(च) वडा कार्यालयः** वडा शिक्षा समितिले आफ्नो वडावासी विशेष गरी बालबालिका लक्षित स्थानीय आवश्यकता र स्थानीय सिकाइ अनुभवहरूसहित आवश्यक सुझाव दिनुपर्छ। यसका अतिरिक्त स्थानीय पाठ्यक्रमको विकास र लागु गर्नका लागि क्षमता विकासमा स्रोतको प्रबन्धमा समेत सहजीकरण गर्नु पर्दछ।

**(छ) गाउँ कार्यपालिकाको कार्यालय :** स्थानीय पाठ्यक्रम समन्वय समिति तथा गाउँपालिका शिक्षा समितिको प्रत्यक्ष समन्वय र निर्देशनमा समग्र गाउँपालिका क्षेत्रका सवै सिकाइ अनुभव र सिकाइका क्षेत्र केन्द्रित विषयवस्तु एवम् पाठ्यसामग्रीहरू स्थानीय पाठ्यक्रममा समावेश भए नभएको यकिन गरी र सहज तथा प्रभावकारी कार्यान्वयनका लागि अनुगमन सपुरिवेक्षणसहित उपयुक्त राय सुझाव प्रदान गर्नुका अतिरिक्त आवश्यकता अनुसार प्राविधिक कार्यदल गठन र कार्यक्षेत्राधिकार प्रदान गर्नुपर्छ। यसको विकास र प्रभावकारी लागु एवम् कार्यान्वयनका लागि

स्रोत साधनको व्यवस्थाको अतिरिक्त विद्यालयमा कार्यरत शिक्षक जनशक्ति क्षमता विकासको अवसर र वातावरण तयार गर्नुपर्छ ।

### ३.२ सिकाइ सहजीकरण क्रियाकलाप

स्थानीय विषयको शिक्षण सिकाइ गर्दा सकेसम्म कक्षाभित्र भन्दा बाहिर गरिने क्रियाकलापमा जोड दिनुपर्दछ । यसका लागि स्थलगत अवलोकन, विषयवस्तुसँग सम्बन्धित कार्यमा सहभागिता, छलफल तथा अन्तर्क्रिया आदि गराउन सकिन्छ । सैद्धान्तिक भन्दा व्यावहारिक र बालकेन्द्रित सिकाइ विधिहरू अपनाउनुपर्दछ । धार्मिक एवम् पर्यटकीय क्षेत्रका बारेमा शिक्षण गर्नका लागि बालबालिकाहरूलाई स्थानीय पर्यटकीय महत्त्वको स्थानको भ्रमण र अवलोकन गराई छलफल गराउनुपर्छ । त्यस्तै स्थानीय पर्यटन व्यवसायीसँग भेट गराई छलफल गराउन पनि सकिन्छ । पर्यटन व्यवसायलाई विकास गर्ने विभिन्न वस्तुको खोजी गराउने क्रियाकलाप गराउन पनि सकिन्छ । स्थानीय सामाजिक सांस्कृतिक क्षेत्रको सिकाइ सहजीकरणका लागि क्षेत्र भ्रमण, परियोजना कार्य आदिलाई जोड दिनुपर्छ । त्यसैगरी अन्य विषयवस्तुका लागि पनि त्यससँग सम्बन्धित व्यक्तिलाई स्रोत व्यक्तिका रूपमा उपयोग गर्न सकिन्छ । स्थानीय आवश्यकता र अनुकूलताअनुसार छलफल, स्थलगत अध्ययन भ्रमण, अवलोकन, प्रयोगात्मक अभ्यास, प्रदर्शन, सहभागिता, परियोजना कार्य, प्रश्नोत्तर, स्रोत व्यक्ति आमन्त्रण आदि जस्ता क्रियाकलाप र विधि प्रयोगमा ल्याउन सकिन्छ । यसरी बढीभन्दा बढी प्रयोग, अवलोकन र अभ्यासको वातावरण तयार गर्ने एवम् खोज र अन्वेषण जस्ता गरेर सिक्ने विधिलाई सिकाइ सहजीकरण कार्य गर्दा जोड दिनुपर्छ ।

### ३.३ कक्षा १ देखि ३ सम्मका लागि सिकाइ सहजीकरण विधि र प्रक्रिया

कक्षा १-३ पाठ्यक्रमले विद्यार्थीहरूबाट अपेक्षा गरेका सिकाइ उपलब्धि सहज र सरल तरिकाले हासिल गर्न/गराउन शिक्षक तथा विद्यार्थीहरूले गर्ने सम्पूर्ण क्रियाकलापहरू सिकाइ सहजीकरण प्रक्रियाभित्र पर्दछन् । एकीकृत पाठ्यक्रमले सिकाइ उपलब्धिको आधारमा मूल्याङ्कन गर्ने गरी विद्यार्थी मूल्याङ्कनको खाका तय गरेको छ । दैनिक सिकाइ सहजीकरणको क्रममा नै निर्धारित सिकाइ उपलब्धि हासिल भए नभएको लेखाजोखा गर्न शिक्षण सिकाइ क्रियाकलापको अभिन्न अङ्गको रूपमा मूल्याङ्कनलाई प्रयोग गर्नुपर्ने कुरा वर्तमान पाठ्यक्रमले उल्लेख गरेकाले सोही बमोजिमका सिकाइ क्रियाकलापहरू अवलम्बन गर्नुपर्ने हुन्छ । यस पाठ्यक्रमले सिकाइलाई प्रभावकारी र दिगो बनाई उनीहरूको स्थानीय विषयवस्तु र आवश्यकताअनुसारको ज्ञान, सिप

र अभिवृत्तिको विकासको सुनिश्चितताको अपेक्षा गरेको छ । जसका लागि बालबालिका केन्द्रित, अन्तरक्रियात्मक, सहयोगात्मक तथा प्रत्यक्ष अनुभवमा आधारित शिक्षण विधि र रणनीतिहरूको प्रयोगमा जोड दिनुपर्ने हुन्छ । यसअनुसार कक्षाकोठामा हुने शिक्षणमा पाठ्यक्रम, पाठ्यपुस्तक, श्रव्यदृश्य सामग्री, सन्दर्भ सामग्रीका अतिरिक्त सकेसम्म स्थानीय स्तरमा उपलब्ध तथा स्वनिर्मित स्रोत र साधनहरूलाई शैक्षणिक सामग्रीको रूपमा प्रयोग गर्नुपर्छ । समयको मागबमोजिम सिकाइलाई निरन्तरता दिन तथा युग सापेक्ष सिकाइका लागि शिक्षण सिकाइमा सूचना प्रविधिको प्रयोगलाई स्थान दिनुपर्छ र वेभमा आधारित सिकाइलाई वैकल्पिक सिकाइको माध्यमको रूपमा प्रयोग गर्न शिक्षकले आफूलाई आवश्यक पर्ने ज्ञान र सिपको विकास गरी आवश्यकताअनुसार प्रविधिका साधनहरूको प्रयोग गर्नुपर्ने हुन्छ । कक्षा १-३ को पाठ्यक्रमले एकीकृत सिकाइलाई जोड दिएकाले शिक्षण सिकाइ सहजीकरणका क्रियाकलापहरूलाई पाठ्यक्रममा दिइएका सिकाइ उपलब्धि र विषयवस्तुको प्रकृतिअनुसार स्थानीय विषयका क्षेत्रहरू र अन्य विषयहरू ( नेपाली, अंग्रेजी, गणित र हाम्रो सेरोफेरो) मा भएका मिल्दाजुल्दा विषयवस्तुलाई अन्तरसम्बन्ध कायम गरी सहजीकरण गर्नुपर्छ । स्थानीय विषयमा रहेका कतिपय विषयवस्तुहरू सहजीकरण गर्दा आवश्यकताअनुसार स्थानीय विज्ञहरूको ज्ञान र सिपलाई उपयोग गर्न उहाँहरूलाई कक्षाकोठामा आमन्त्रण गरी अनुभव तथा सिपको प्रदर्शन एवम् अन्तरक्रियाको अवसर सिर्जना गर्नुपर्ने छ । सिकाइलाई सहकार्यात्मक र प्रत्यक्ष अनुभवमा आधारित बनाउन स्थलगत अध्ययन समूहकार्य तथा प्रयोगात्मक अभ्यासमा जोड दिनुपर्ने छ । स्थानीय विषयमा उल्लिखित विषयवस्तुहरू विद्यार्थीहरूको आफ्नै सेरोफेरोका रहेकाले सैद्धान्तिकभन्दा प्रयोगात्मक तरिकाले सिकाइ सहजीकरण गर्नेमा शिक्षकले ध्यान दिनुपर्ने हुन्छ । स्थानीय कला, संस्कृति, धर्म, चालचलन, रीतिरिवाज, पेसा, व्यवसाय, प्रविधिहरूको प्रयोग, संरक्षण, विकास गर्न स्वयम् विद्यार्थीहरूको प्रत्यक्ष उपस्थिति भएपछि मात्र उक्त विषयवस्तुहरूको ज्ञान, सिप र अभिवृत्तिको विकास गराउन सहज हुन्छ । सिकाइलाई दिगो बनाउन सिकेका व्यवहारहरूलाई अभ्यास गर्ने तथा वास्तविक जीवनमा प्रयोग गर्ने अवसर प्रदान गर्नुपर्ने छ । साथै सिकाइ सहजीकरण प्रक्रियाहरूले, अनुभव, खोज, चिन्तन, तर्कद्वारा सिकारुको निर्णय क्षमता विकास गरी ज्ञानको विकास र रूपान्तरण गर्न सहयोग गर्नुपर्छ ।

### सिकाइ सहजीकरण प्रक्रिया अवलम्बन तरिका

कक्षा १ देखि ३ सम्मको पाठ्यक्रम एकीकृत ढाँचामा विकास गरिएको र यसअन्तर्गत बहुविषयक

(विषयहरू अलग अलग तर मिल्दाजुल्दा विषयवस्तुलाई सँगै सिकाउने) र अन्तरविषयक (अन्य विषय र विषयभित्रका विषयवस्तुहरूमा अन्तरसम्बन्ध कायम गरी सिकाइ गराउने) रहेको हुँदा बहुविषयक ढाँचाको सिद्धान्तअनुसार सिकाइ सहजीकरणको योजना बनाइ सिकाइ सहजीकरण गर्नुपर्ने छ ।

पाठ्यक्रमको बहुविषयक ढाँचा (अन्य विषयसँग मिल्दा सिकाइ उपलब्धि तथा विषयवस्तुलाई सँगै सहजीकरण गर्ने र नमिल्ने विषयवस्तुलाई निश्चित क्रममा राखेर सरलदेखि जटिलताको सिद्धान्तअनुसार सहजीकरण गर्ने) अनुरूप एकीकृत सिकाइका लागि शिक्षकले एकीकृत पाठ्यक्रमको अध्ययन र अन्य शिक्षकहरूसँगसमेत समन्वय गरी सहजीकरण क्रियाकलाप सञ्चालन गर्नुपर्ने छ ।

- कक्षा १-३ मा अध्ययन गर्ने बालबालिकाको संज्ञानात्मक विकासको अवस्थालाई दृष्टिगत गरी उनीहरूको धारणा विकासमा सहयोग पुऱ्याउन शिक्षणमा ठोस सामग्रीको प्रयोगलाई प्राथमिकताका साथ स्थान दिनु पर्ने छ ।
- सिकाउनु पर्ने विषयवस्तु/धारणालाई उनीहरूको दैनिक जीवनसँग सम्बन्धित गरी रोचक र मनोरञ्जक ढङ्गले प्रस्तुत गर्नुपर्ने छ ।
- मनोरञ्जनपूर्ण सिकाइका लागि खेल, गीत, नृत्य र अभिनय विधिको प्रयोग गर्नुपर्ने छ ।
- बालबालिकाको दिगो सिकाइका लागि उनीहरूलाई प्रशस्त अभ्यासको अवसर दिनुपर्ने छ ।
- विद्यार्थीसँग प्रत्यक्ष अनुभव गरेर तथा विद्यार्थी आफैँ सक्रिय भई सिक्न सक्ने, विश्लेषणात्मक चिन्तनबाट अर्थ निर्माण गर्न सक्ने विषयवस्तुहरूमा विषयवस्तुको प्रकृति हेरी प्रयोग, परियोजना कार्य, सर्वेक्षण, समस्या समाधान, खोज, आगमन वा निगमन विधिको प्रयोग गर्नुपर्ने छ । यो पाठ्यक्रमको विषयवस्तुहरूले स्थानीयसँग प्रत्यक्ष सरोकार राख्ने भएकाले सिकारूलाई प्रत्यक्ष अवलोकन र अनुभव प्रदान गर्न स्थलगत भ्रमणको व्यवस्था मिलाउनुपर्ने छ ।
- सिकारुहरूले आफूले जानेका र हासिल गरेका ज्ञान, सिप र अनुभवहरू एक आपसमा आदानप्रदान गरी सहपाठीहरूको सहयोग र सहकार्यमा सिक्न तरिकाहरू अवलम्बन गर्नुपर्ने छ ।

- सामाजिक सुधार, जनचेतना र वातावरण संरक्षणमा आफ्नो स्तरबाट योगदान दिन तथा नेतृत्व सिप विकासमा प्रेरित गर्न साना चेतनामूलक भिडियो बनाई सामाजिक सञ्जालमा लोड गर्ने, यस्तै चित्रहरू सार्वजनिक ठाउँमा टाँस्ने जस्ता अभियान तथा सामाजिक कार्यहरूमा सहभागी गराउनुपर्ने छ ।
- कक्षाकोठालाई रमाइलो तथा जीवन्त बनाई राख्न तथा युगसापेक्ष प्रविधियुक्त सिकाइका लागि उपलब्ध श्रव्य दृश्य सामग्रीहरू, विद्युतीय सामग्रीहरू तथा वेभमा आधारित सामग्री र विधिहरूलाई सकेसम्म प्रयोग गर्ने कोसिस गर्नुपर्ने छ ।

## ३.४ कक्षा ४-८ को शिक्षण सहजीकरण विधि र प्रक्रिया

मायादेवी गाउँपालिकाभित्रका सबै वडाहरूका स्थानीय विषयवस्तु र आवश्यकतालाई समेटी यस पाठ्यक्रममा विषयवस्तुहरू राखिएको हुँदा उक्त विषयवस्तुको व्यावहारिक ज्ञान, सिप र अभिवृत्ति विकास लागि कक्षाभित्र वा बाहिर आफ्नो घर, समुदाय, सङ्घसंस्था, धार्मिक स्थल, पेसा र व्यवसाय स्थल, वन सम्पदा, जलसम्पदामा भ्रमण गरी पञ्चज्ञानेन्द्रियद्वारा प्रत्यक्ष अवलोकन तथा प्रयोग गरी सिकेका कुराहरूलाई सिर्जनात्मक विश्लेषण गर्ने प्रतिभाको विकास गर्न प्रोत्साहित गर्ने गरी शिक्षण सिकाइ सहजीकरण गर्नुपर्छ । पाठ्यक्रममा विषयवस्तु तथा सिकाइ उपलब्धि हासिल गर्न विद्यार्थीहरूले कथा, कविता, नाटक, समाचार, चिठी, सम्पादकीय, गीत, प्रतिवेदन, रेखाचित्र, वृत्तचित्र, स्तम्भचित्र, तालिका, तस्बिर, नक्सा, नमुना निर्माण, प्रयोग, फोटो जस्ता रोचक वस्तुहरू मार्फत् अपेक्षित उपलब्धि हासिल गर्ने अपेक्षा गरिएको छ । विद्यार्थीहरूलाई कुनै पनि विषयवस्तु सिकाउँदा जीवन्त सिकाइ वातावरण तयार गर्नु पर्दछ । यसका लागि शिक्षण सिकाइको विधि, पद्धतिलाई विद्यार्थी केन्द्रित र सामग्री केन्द्रित गर्दै प्रयोगात्मक क्रियाकलापबाट गरेर सिक्ने अवस्थाको सुनिश्चितता गर्नु पर्दछ । अझ स्थानीय विषय स्थानीय परिवेश, सन्दर्भ, पहिचान, पेसा व्यवसाय र प्रविधिसँग बढी नजिक तथा परिचित हुने भएकाले सान्दर्भिक शिक्षण सिकाइमार्फत बालबालिकाहरूमा पाठ्यक्रमले तोकेका सक्षमता र सिकाइ उपलब्धि हासिल गराउन प्रयत्नशील रहनुपर्छ ।

### सिकाइ सहजीकरण प्रक्रिया अवलम्बन तरिका

आधारभूत तहको कक्षा ४ देखि ८ सम्म राखिएका विषयवस्तुहरू सहजीकरण गर्न निम्न विधि प्रयोग गर्न सकिने छ ।

- **प्रयोगात्मक विधि :** गरेर सिक्ने क्रियाकलापहरू यस विधि अन्तर्गत पर्दछन् । जस्तै : बिरूवा तथा जनावरको हेरचाह, वृक्षरोपण, पशुपालन, पक्षीपालन, तरकारी खेती, गायन, वादन, नृत्य, अभिनय, हस्तकला र चित्रकलाद्वारा प्रदर्शन आदि ।
- **अवलोकन र परियोजना विधि :** गरेर सिक्ने, सँगै बसेर सिक्ने, प्राकृतिक वातावरणमा सिक्ने, सिपको विकास हुने गरी एकल वा समूह, कक्षाकोठाभित्र तथा बाहिर यो विधि प्रयोग गर्न सकिन्छ । जस्तै : स्थानीय सेवाहरूको जानकारी, विभिन्न धार्मिक स्थल, जलसम्पदा, वन सम्पदा, नमुना निर्माण, पेसा, व्यवसाय र प्रविधिको अवलोकन गरी प्रतिवेदन तयारी गर्ने तथा एकल र समूहगत तथा कक्षाकोठाभित्र र कक्षाकोठा बाहिर गरेर सिक्ने, पञ्च ज्ञानेन्द्रियहरूको प्रयोगद्वारा सिक्ने क्रियाकलापहरू यसअन्तर्गत पर्दछन् ।
- **क्षेत्र भ्रमण विधि :** कक्षाकोठा बाहिर रहेका वस्तुहरूको प्रत्यक्ष अवलोकन गरी प्राप्त जानकारीको अभिलेख राख्ने (प्रतिवेदन, चित्र, चार्ट, भिडियो आदि) । जस्तै : धार्मिक स्थल, वन, पोखरी, ताल, आदि ।
- **छलफल विधि :** कुनै विषयवस्तुको बारेमा समूहगत, जोडीगत, कक्षागत रूपमा छलफल गरी निष्कर्ष निकाल्न प्रयोग गरिन्छ । जस्तै : सामुदायिक वनको महत्त्व, संरक्षण गर्ने उपायहरू, धार्मिक सम्पदाको संरक्षणका उपायहरू, बालबगैँचाको महत्त्व, हरित विद्यालयको लागि अवलम्बन गर्नुपर्ने पक्षहरू आदि । समस्या समाधान विधि : कुनै समस्या दिई समाधानको लागि उपायहरू पहिचान गरी समाधान गर्ने कार्य यस विधिमा गरिन्छ । जस्तो : पुष्पखेती गर्ने, बाँसको चोयाबाट डालो बुन्ने, मकैको खोस्टो/खोसेलो/खोसेल्टोचकटी बुन्ने, वृक्षरोपण गर्ने, सरसफाइ गर्ने आदि ।
- **प्रश्नोत्तर :** जुनसुकै विषयवस्तुको उठान गर्दा, परियोजना कार्य वा क्षेत्रभ्रमण वा कक्षाकार्य वा समूहकार्य गराउँदा, विषयवस्तुको प्रस्तुति अघि, प्रस्तुतीकरणको समय र प्रस्तुति, सिकाइ उपलब्धि हासिल भए नभएको सुनिश्चित गर्न यस विधिको प्रयोग गर्न सकिन्छ ।
- **घटना अध्ययन :** वरपरको कुनै विशेष घटनाको अध्ययन गरी त्यसको बारेमा प्रतिवेदन तयार गर्न लगाई प्रस्तुतीकरण गर्न यस विधिको प्रयोग गर्न सकिन्छ । बाढी, पहिरो, आगलागी, चट्याङ, तरकारीखेती, कुखुरापालन आदि ।
- **प्रदर्शन विधि :** कुनै वस्तु देखाएर सिकाउने विधि प्रदर्शन विधि हो । सामग्रीको अभाव भएको बेला शिक्षकले वस्तु वा चित्र प्रदर्शन गरेर सिकाउने गर्दछन् । जस्तै : गाउँपालिकाको

नक्सा आदि । यसमा श्रव्यदृश्य सामग्रीको प्रदर्शनसमेत पर्दछ । जस्तै : तरकारी खेती, पशुपालन, कुखुरापालनको भिडियो आदि ।

- **सोधखोज विधि :** विद्यार्थीमा नयाँ नयाँ कुरा खोजी गर्ने, त्यसको व्यक्ति तथा समाजमा परेको वा पार्ने प्रभाव पहिचान गराउने जस्ता सिपको विकास गराउने, समाजमा रहेको धार्मिक, सांस्कृतिक, आर्थिक, ऐतिहासिक, भौगोलिक आदि पक्षको सोधखोज गरी वास्तविकता पत्ता लगाउने कार्यमा यस विधिको प्रयोग गर्न सकिन्छ ।
- **कथाकथन विधि :** विषयवस्तुलाई रमाइलो, आकर्षक, उत्प्रेरणात्मक तरिकाले प्रस्तुतीकरण गर्न यस विधिको प्रयोग गर्न सकिन्छ । जस्तै : धार्मिक स्थल, पेसा, व्यवसाय, प्रविधिको प्रयोग, संरक्षण, विकास र प्रवर्धन आदिलाई कथात्मक तरिकाले प्रस्तुत गर्न सकिन्छ ।

माथि उल्लेख गरिएका विधिहरूका अलावा विषयवस्तुको प्रकृतिअनुसार अन्य विधिहरूको समेत प्रयोग गर्न सकिन्छ । विधिहरूको साथै विद्यार्थीको सिकाइलाई थप आकर्षक, तार्किक, समालोचनात्मक, सहभागितात्मक बनाउन विभिन्न रणनीति तथा तरिकाहरूको प्रयोग गर्न सकिन्छ । जस्तै : मस्तिष्क मन्थन, जिग्सअ, सोच-जोडीमा छलफल-आदान प्रदान, जोडीमा पढाइ र जोडीमा सारांश, सङ्क्षिप्त लेखन, मान्यता, घुलमिल/स्थिर/जोडी आदि ।

## ३.५ मूल्याङ्कन प्रक्रिया

स्थानीय पाठ्यक्रमअन्तर्गतको स्थानीय विषय पनि केन्द्रीय पाठ्यक्रमकै एक अंश भएको हुनाले यसको मूल्याङ्कन पनि केन्द्रीय पाठ्यक्रमले निर्देश गरेअनुसार गर्नुपर्छ । मूल्याङ्कन गर्दा शिक्षण सिकाइ क्रियाकलाप सञ्चालनकै क्रममा बालबालिकाले गरेका क्रियाकलापको अवलोकन गरी निर्माणात्मक तथा निरन्तर मूल्याङ्कन प्रक्रिया अपनाई मूल्याङ्कन गर्नुपर्छ । प्रत्येक विद्यार्थीको कार्यसञ्चयिका बनाई अभिलेख राख्नुपर्छ । लिखित परीक्षालाई भन्दा निरन्तर मूल्याङ्कनलाई महत्त्व दिएर मूल्याङ्कन गर्नुपर्छ । विद्यार्थीको सिकाइ सहभागिता, व्यवहार परिवर्तन, साथी सहपाठी मूल्याङ्कन, प्रतिवेदन तयारी र प्रस्तुति, अभिभावक प्रतिक्रिया, कार्यसञ्चयिकामार्फत मूल्याङ्कन गरी निरन्तर पृष्ठपोषणसमेत प्रदान गर्नुपर्छ । यस क्रममा मूल्याङ्कनका विधि तथा साधनमा विविधता ल्याउन सकिने छ । तर मूल्याङ्कन जहिले पनि सिकाइलाई सबलीकरण गर्नका लागि हुनुपर्ने कुरामा शिक्षक सचेत र जिम्मेवार हुनु पर्छ ।

## (क) कक्षा १-३ मा विद्यार्थी मूल्याङ्कन

शिक्षण सिकाइ प्रक्रियाकै एउटा अङ्गका रूपमा विद्यार्थीले सिकाइ उपलब्धि हासिल गरे/नगरेकोनियमित लेखाजोखा गरी विद्यार्थीको सिकाइमा निरन्तर सुधार गरी न्यूनतम सिकाइस्तर प्राप्तिको सुनिश्चितता गर्ने पक्षलाई यस पाठ्यक्रमले जोड दिएको छ। यस प्रकारको मूल्याङ्कनले विद्यार्थीलाई न्यूनतम सिकाइ स्तर प्राप्तिका साथै उनीहरूलाई सिकाइमा निरन्तर प्रगति गर्ने अवसर सिर्जना गर्न सहयोग गर्दछ। स्थानीय विषयमा राखिएका विषयवस्तु तथा सिकाइ उपलब्धि पूरा गराउनको लागि कक्षाकोठाको शिक्षण सिकाइको क्रममा गरिने लेखाजोखाको साथै विद्यार्थीहरूलाई आवश्यकताअनुसार सम्बन्धित क्षेत्रमा अवलोकन, क्षेत्रभ्रमण, परियोजना तथा प्रयोगात्मक कार्यमा समेत सलंग्न गराई सोही बमोजिम विद्यार्थीले सिकाइ उपलब्धि हासिल गरे नगरेको यकिन गर्नुपर्ने हुन्छ र आवश्यकताअनुसार सहजीकरण गर्नुपर्ने हुन्छ। यस्तो मूल्याङ्कनलाई मूलतः सिकाइका लागि मूल्याङ्कन अर्थात् निर्माणात्मक मूल्याङ्कनका रूपमा प्रयोग गरिनुपर्दछ। निर्माणात्मक प्रयोजनका लागि सञ्चालन गरिने यस्तो मूल्याङ्कनका लागि विद्यार्थीले के सिक्ने हो भन्ने कुरा निर्धारण गर्नु पर्दछ अर्थात् अपेक्षित सिकाइ उपलब्धि तय गर्नु पर्दछ। विद्यार्थीले के सिक्ने भन्ने कुराको निर्धारण गरेपछि विद्यार्थीको सिकाइको वर्तमान अवस्था वा निश्चित सिकाइ क्रियाकलापपछिको विद्यार्थीको सिकाइ अवस्था वा स्तर के कस्तो छ भनी विभिन्न साधन तथा माध्यम प्रयोग गरी पत्ता लगाउनुपर्छ। यसरी विद्यार्थीको वर्तमान सिकाइ अवस्था पहिचान गरिसकेपछि सिकाइको निर्धारित लक्ष्यमा कसरी पुग्ने भन्ने मार्ग तय गर्नुपर्दछ। यसरी विद्यार्थीको अपेक्षित सिकाइ स्तर तय गर्ने, सिकाइको वर्तमान अवस्था वा स्तर पत्ता लगाउने र कसरी अपेक्षित सिकाइस्तर प्राप्त गर्ने भनी तय गर्ने कार्यका लागि विद्यार्थीको निर्माणात्मक मूल्याङ्कन गरिन्छ। कक्षा १–३ मा गरिने विद्यार्थी मूल्याङ्कनलाई सिकाइ प्रक्रियाकै अभिन्न अङ्गका रूपमा प्रयोग गर्नुपर्दछ। यस्तो मूल्याङ्कनको मुख्य उद्देश्य विद्यार्थीको सिकाइ उपलब्धि तथा कमजोरीहरूको निरन्तर लेखाजोखा गरी सिकाइ सुधारका लागि पृष्ठपोषण प्रदान गर्नु हो। यस्तो पृष्ठपोषण दिने कार्य दुई चरणमा गर्नुपर्छ। पहिलो चरणअन्तर्गत नियमित सिकाइ सहजीकरण पश्चात् मूल्याङ्कन गर्ने र विद्यार्थीको सिकाइको अवस्थाको लेखाजोखा गर्ने र दोस्रो चरणमा सिकाइ उपलब्धि हासिल गरेको अवस्थाको आधारमा अपेक्षित उपलब्धि प्राप्त गर्न नसकेका विद्यार्थीका कठिनाइका क्षेत्र पत्तालगाई सुधारात्मक सिकाइ क्रियाकलाप सञ्चालन गर्नु साथै पटकपटकका सुधारात्मक सिकाइ क्रियाकलापबाट पनि सिकाइ सुधार हुन नसकेका विद्यार्थीहरूका लागि उपचारात्मक सिकाइ क्रियाकलाप तर्जुमा गरी सिकाइमा सुधार गर्नुपर्दछ।

कक्षाकोठा र आधारित निर्माणात्मक मूल्याङ्कनले प्रत्येक विद्यार्थीलाई न्यूनतम सिकाइ स्तर प्राप्त गर्ने सुनिश्चितता गरी माथिल्लो सिकाइ स्तर प्राप्त गर्न सहयोग गर्नुपर्दछ । यसबाट विद्यार्थीहरूको कक्षा दोहऱ्याउने क्रमलाई न्यून गरी शैक्षिक क्षति घटाउन सहयोग पुग्नाका साथै न्यूनतम स्तरको सिकाइ सुनिश्चित भई थप सिकाइका लागि अवसर सृजना हुने छ ।

## (अ) मूल्याङ्कन विधि र प्रक्रिया

कक्षा १-३ मा निश्चित समयावधिमा विद्यार्थीको सिकाइको लेखाजोखा गर्ने नभई निरन्तर, नियमित तथा कक्षा क्रियाकलापको अङ्गका रूपमा प्रयोग गर्नुपर्दछ। कक्षाकोठामा सिकाइ क्रियाकलापको योजना तथा सञ्चालन निर्धारित सिकाइ उपलब्धि तथा तिनको विस्तृतीकरणका आधारमा ती सिकाइ उपलब्धि प्राप्त गर्न सक्ने किसिमले गर्नुपर्दछ । विद्यार्थी मूल्याङ्कनमा पनि ती सिकाइ उपलब्धि विद्यार्थीले केकति हासिल गर्न सके भन्ने लेखाजोखा गर्न सकिने प्रक्रिया र साधन प्रयोग गर्नुपर्छ । यस्तो मूल्याङ्कन सिकाइ क्रियाकलापकै अभिन्न अङ्गका रूपमा नियमित रूपमा सञ्चालन गरी विद्यार्थीको सिकाइ सुधारका लागि निरन्तर पृष्ठपोषण प्रदान गर्नुपर्दछ। कक्षा १-३ का प्रत्येक विद्यार्थीको कार्यसञ्चयिका व्यवस्थित गरी राखिनुपर्छ । कार्यसञ्चयिका फायललाई विद्यार्थीको कक्षाकार्य, परियोजना कार्य, प्रयोगात्मक कार्य, उपलब्धि परीक्षा, विद्यार्थीमा आएको व्यावहारिक परिवर्तनको अवलोकन, हाजिरी आदिका माध्यमले अद्यावधिक गर्नुपर्छ । विद्यालयमा पठनपाठन भएका विषयवस्तु र विद्यार्थीको उपलब्धिका बारेमा प्रत्येक थिम वा क्षेत्रको पठनपाठन पश्चात्, विषयक्षेत्रको अध्ययन पूरा गरेपछि अभिभावकलाई जानकारी पठाउने व्यवस्था गरी कार्यसञ्चयिकामा त्यसको अभिलेख उल्लेख गर्नुपर्ने छ। यस तहमा गृहकार्यलाई अनिवार्य नगरी कक्षाकार्य, परियोजना कार्य तथा प्रयोगात्मक कार्यलाई नै बढी जोड दिने भए पनि आवश्यक भए केही गृहकार्य पनि दिन सकिने छ तर दैनिक र एकै दिनमा विभिन्न विषयक्षेत्रमा गृहकार्य दिनु भने उपयुक्त हुँदैन । विद्यार्थीको मूल्याङ्कनमा यथाशक्य वास्तविक कार्यको सही तरिकाले मूल्याङ्कन गर्ने साधन समावेश गर्नु उपयुक्त हुने छ ।

## (आ) मूल्याङ्कनका तरिका र साधन

परीक्षण गरिने सिकाइ उपलब्धि तथा विषयवस्तुको स्वरूप, विद्यार्थीको उमेर तथा रूचि, उपलब्ध स्रोत तथा साधन, कक्षामा भएका विद्यार्थी सङ्ख्या, शिक्षकको क्षमता तथा रूचि जस्ता पक्ष विचार गरेर मूल्याङ्कनका तरिका र साधनको छनोट तथा विकास गर्नुपर्छ । मूल्याङ्कनका विभिन्न तरिका तथा साधनहरू हुन्छन् । विद्यार्थी मूल्याङ्कनका लागि प्रयोग गर्न सकिने कार्य

तथा साधनहरूबाट प्राप्त सूचनाहरूलाई निश्चित स्वरूपमा अभिलेखीकरण गरिनुपर्दछ । कक्षा कार्य, व्यवहार परिवर्तन, सिर्जनात्मक कार्य, कक्षा सहभागिता तथा विद्यार्थीका कार्यको प्रदर्शनको परीक्षणको अभिलेखीकरण शिक्षकको अवलोकनको माध्यमबाट गर्न सकिने भएकाले यसका लागि उपयुक्त अवलोकन फाराम तयार गर्नुपर्दछ । यसका लागि विभिन्न प्रकारका रूजु सूची तयार गरी विद्यार्थी परीक्षण तथा मूल्याङ्कन गरिन्छ । विद्यार्थीका कार्य तथा उपलब्धिसहित उनीहरूका विभिन्न विवरण व्यवस्थित तरिकाले राख्ने गरी कार्यसञ्चयिका तयार गरी विद्यार्थीको प्रगति के कति मात्रामा र के कसरी भइरहेको छ, के कस्ता सिकाइ कमीकमजोरी रहेका छन् र ती कमीकमजोरीहरू हटाई सिकाइमा सुधार के कसरी गर्ने भन्ने कार्यका लागि यसबाट सहयोग पुग्दछ । सामान्यतया स्थानीय विषयको पठनपाठनको क्रममा विद्यार्थीले सिकाइ उपलब्धि हासिल गरे नगरेको लेखाजोखा गर्नको लागि कक्षा सहभागिता, मौखिक कार्य, लिखित कार्य, परियोजना तथा प्रयोगात्मक कार्य, कार्यसम्पादन तथा प्रदर्शन, सहपाठी तथा स्वमूल्याङ्कन, अभिभावक प्रतिक्रिया, कुराकानी तथा छलफल जस्ता तरिकाहरू अवलम्बन गर्न सकिन्छ । यसको लागि अवलोकन फाराम, रूजु सूची, श्रेणीमापन, रूब्रिक्स, मौखिक प्रश्न जस्ता मूल्याङ्कनका साधनहरू प्रयोग गर्न सकिन्छ ।

### (इ) विद्यार्थीको सिकाइ उपलब्धिस्तर र त्यसको सामान्य व्याख्या

| उपलब्धि स्तर | स्तर मापन | उपलब्धि स्तरको सामान्य व्याख्या |
|---|---|---|
| कमजोर (Below Basic) | १ | मुख्य सिकाइ उपलब्धि हासिल गर्न नसकेको, सबैजसो सिकाइ उपलब्धिका लागि सुधारात्मक सिकाइ आवश्यक भएको |
| सामान्य (Basic) | २ | मुख्य सिकाइ उपलब्धि आंशिक रूपमा हासिल गरेको तर सुधारात्मक सिकाइ आवश्यक भएको |
| राम्रो (Proficient) | ३ | मुख्य सिकाइ उपलब्धि हासिल गरेको र सुधारात्मक सिकाइ आवश्यक भएको |
| उच्च (Advanced) | ४ | माथिल्लो स्तरको उपलब्धि हासिल गरेको |

पहिलो चरणमा नियमित सिकाइ क्रियाकलापका रूपमा विद्यार्थीको सिकाइको मूल्याङ्कन गरी विद्यार्थीको सिकाइ सुधार गर्नुपर्दछ । मूल्याङ्कनको दोस्रो चरणमा कुनै सिकाइ उपलब्धि हासिल भयो वा भएन भनी उल्लिखित तरिका तथा साधनमध्ये उपयुक्त साधनहरू प्रयोग गरी विद्यार्थीको मूल्याङ्कन गरी सिकाइस्तर अभिलेखीकरण गर्नुपर्दछ । यसरी अभिलेखित सिकाइस्तर १ वा २ मात्र भएमा सुधारात्मक सिकाइको योजना निर्माण गरी उपलब्धिस्तर ४ पुऱ्याउने प्रयास

गर्नुपर्दछ । उपलब्धिस्तर ३ प्राप्त गरेको विद्यार्थीलाई समेत ४ पुऱ्याउन सहयोग गर्नुपर्छ । यदि पटक पटकको प्रयासबाट पनि कुनै विद्यार्थीको उपलब्धिस्तरमा सुधार हुन नसकेमा यसको कारण खोजी गरी उपचारात्मक सिकाइको योजना बनाउनुपर्दछ भने अन्यलाई अग्रिम सिकाइमा सरिक गराउनुपर्दछ । सुधारात्मक सिकाइ पछि पुनः विद्यार्थीको मूल्याङ्कन गरी उपलब्धिस्तर निर्धारण गरेर पुनः अभिलेखीकरण गर्नुपर्छ । निश्चित सिकाइ क्षेत्रका सिकाइ उपलब्धिहरूको सिकाइ परीक्षण पश्चात् सो सिकाइ क्षेत्रको औसत सिकाइ उपलब्धि समेत गणना गरी विद्यार्थी र अभिभावकसँग छलफल गरी विद्यार्थीका सबलता र सुधारका क्षेत्र र उपाय पहिचान गर्नुपर्छ । यही क्रममा सबै विषयक्षेत्रको सिकाइपश्चात् सबै सिकाइ उपलब्धिको परीक्षण गरी सिकाइ प्रत्येक सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइ स्तरसहित विषय क्षेत्रगत औसत सिकाइ उपलब्धि निकाल्न सकिन्छ । त्यसै गरी मुख्य व्यवहार कुशल सिपमा विद्यार्थीको उपलब्धिस्तर पनि अभिलेखित गर्न सकिन्छ । यसरी तयार गरिएको अभिलेख नै विद्यार्थीको वार्षिक उपलब्धिको प्रतिवेदन हुने छ। विद्यार्थीको सिकाइ उपलब्धिको यस्तो अभिलेख तथा प्रतिवेदनको प्रयोग शिक्षक, विद्यार्थी, अभिभावक तथा विद्यालयले विद्यार्थीको सिकाइस्तरको सुनिश्चिता गर्ने, सिकाइ सुधारका लागि पृष्ठपोषण प्रदान गर्न र भावी सिकाइका योजनाका लागि गरिन्छ । विभिन्न किसिमका अपाङ्गता भएका विद्यार्थीका लागि उल्लिखित मूल्याङ्कनका तरिका तथा साधनहरूमध्ये कतिपय उपयोगी नहुन पनि सक्दछन् भने कतिपय तरिका तथा साधनहरूको प्रयोगमा भिन्नता ल्याउनुपर्ने हुन सक्दछ । शिक्षकले आफ्नो कक्षाकोठामा भएका विद्यार्थीको अपाङ्गताको किसिम तथा स्वरूपअनुरूप प्रयोग गर्न सकिने मूल्याङ्कनका वैकल्पिक तरिका तथा साधनहरूको तयारी गरी उपयुक्त तरिका तथा साधन प्रयोग गर्नुपर्छ । मूल्याङ्कनका कुनै साधन उपयुक्त नभएकै आधारमा कुनै पनि विद्यार्थीलाई सिकाइको मूल्याङ्कन र पृष्ठपोषण प्राप्त गर्ने अवसरबाट वञ्चित नहुने गरी शिक्षकले वैकल्पिक तरिकाहरूको खोजी तथा तयारी गर्नुपर्दछ ।

स्थानीय विषयको थिमगत उपलब्धि विवरण मूल्याङ्कन अभिलेखीकरण फाराम विद्यार्थी मूल्याङ्कन मापनका आधार वर्तमान पाठ्यक्रमले सिकाइ उपलब्धि हासिल भए नभएको आधारमा विद्यार्थीले गरेका कार्यहरूको लेखाजोखा गरी प्राप्त उपलब्धिको अङ्कन गर्ने र यसको आधारमा उपलब्धि प्रतिशत पत्ता लगाउने कार्यलाई जोड दिएको छ। प्रत्येक सिकाइ उपलब्धिको अधिकतम स्तरमा ४ अङ्क प्रदान गर्ने प्रावधान रहेको छ । यसको लागि विद्यार्थीको सिकाइ स्तरको मापन १, २, ३ वा ४ गरी विषयक्षेत्रमा उल्लिखित सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइ स्तर मापन गरी आएको उपब्धिस्तरको अङ्क चढाउनुपर्छ । सिकाइ उपलब्धि मापन गर्दा प्रत्येक सिकाइ

उपलब्धिमा हासिल गरेको स्तर यकिन गरी १, २, ३ वा ४ मध्ये कुन स्तर छ त्यसलाई अङ्कन महलमा चढाउनुपर्छ । फारामको कैफियत महलमा उल्लिखितबाहेक अन्य साधन तथा तरिका प्रयोग गरेको भए उल्लेख गर्नुपर्छ । अभिलेख फारममा मूल्याङ्कन नतिजाका आधारमा प्रत्येक विद्यार्थीको अलग अलग भरी विद्यार्थीको कार्यसञ्चयिकामा व्यवस्थित गरेर राखी आवश्यकतानुसार विद्यार्थीको सिकाइ सुधार गर्ने कार्यमा प्रयोग गर्नुपर्छ । प्रत्येक सिकाइ उपलब्धिमा चारओटा सूचक निर्धारण गरिएको हुनाले पूरा गरेको सूचकअनुसारको अङ्क प्रदान गर्नुपर्छ । विषयक्षेत्रगत रूपमा दिइएका प्रत्येक सिकाइ उपलब्धि हासिल भए नभएको लेखाजोखा गर्नका लागि अवलोकन, मौखिक प्रश्नोत्तर, लिखितकार्य, कक्षाकार्य, गृहकार्य, छोटा कक्षा परीक्षा, परियोजना कार्यमध्ये कुनै वा अन्य कुनै उपयुक्त साधन प्रयोग गर्न सकिन्छ । तपसिलका फाराममा केही सम्भाव्य साधन मात्र उल्लेख गरिएका छन् । यी बाहेक कुन साधनद्धारा मूल्याङ्कन गरिएको हो ती साधनलाई फाराममा उल्लेख गर्नुपर्छ । विद्यार्थीको मूल्याङ्कन दुई चरणमा गर्नुपर्छ । नियमित सिकाइ पश्चात र थप सहायता पश्चात । थिमअन्तर्गत रहेको प्रत्येक सिकाइ उपलब्धिसँग सम्बन्धित पाठ वा क्रियाकलाप सञ्चालन पश्चात मूल्याङ्कन गरी मूल्याङ्कन गरिएको मिति र अङ्क चढाउनुपर्छ । नियमित सिकाइ पश्चात कुनै विद्यार्थीको कुनै सिकाइ उपलब्धिमा १, २ वा ३ आएमा थप सहयोग गर्नुपर्ने हुन्छ र थप सहायतापश्चात् पुनः मूल्याङ्कन गरी प्राप्त उपलब्धिको अभिलेखित गर्नुपर्छ । थप सहायता गर्दा जुन विद्यार्थीको उपलब्धिस्तर १, २ वा ३ अङ्क प्राप्त गरे ती विद्यार्थीलाई बढी सहयोग गर्ने, अभिभावकलाई जानकारी दिई सहयोग गर्न लगाउने, कक्षाका ४ अङ्क प्राप्त गरेका विद्यार्थीलाई सहयोग गर्न लगाउने जस्ता क्रियाकलापहरू गर्न सकिन्छ ।

**कक्षा : १-३**

**औसत अङ्क विशिष्टीकरण तालिका**

| क्र.स. | कार्य विवरण | अङ्कभार |
|---|---|---|
| १ | कक्षामा उपस्थिति तथा व्यवहार परिवर्तन | १० |
| २ | समूह निर्माण, समूह कार्यमा सहभागिता र प्रस्तुति | १० |
| ३ | कक्षाकार्य/गृहकार्य | १० |
| ४ | स्थलगत अध्ययन/परियोजना कार्य/प्रतिवेदन लेखन | ३० |
| ५ | प्रश्नको उत्तर लेखन/ प्रश्नको मौखिक उत्तर | ३० |
| ६ | रचनात्मक कार्य/अभिनय/नक्सा तथा चित्र लेखन | १० |
| **जम्मा** | | **१००** |

## निरन्तर विद्यार्थी मूल्याङ्कन विवरण नमुना

कक्षा :........ विषय :...................... विद्यार्थीको नाम :..............................रोल नं. :......

| विषय क्षेत्र/ पाठ | अपेक्षित सिकाइ उपलब्धि/ सक्षमता | मूल्याङ्कन आधार/ सिकाइ उपलब्धि सूचक | नियमित पढाइ पछिको मूल्याङ्कन | मिति | थप सहायता पछिको मूल्याङ्कन | मिति | समग्र सिकाइ उपलब्धि स्तर | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | सिकाइ उपलब्धि स्तर | | सिकाइ उपलब्धि स्तर | | | |
| | | | कमजोर :<br>सामान्य :<br>राम्रो :<br>उच्च : | | कमजोर :<br>सामान्य :<br>राम्रो :<br>उच्च : | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

**नोट :** स्तर निर्धारण गर्नका लागि पाठको निर्धारित सिकाइ उपलब्धिमा आधारित भई विद्यार्थीले सिकाइ उपलब्धि हासिल गरेको नगरेको मूल्याङ्कन गर्न माथिका सूचकहरूको प्रयोग गर्नुपर्दछ। विषयक्षेत्र तथा थिमअन्तर्गतका सिकाइ उपलब्धिको अङ्कन गरिसकेपछि विषयक्षेत्र तथा थिमको समग्र उपलब्धि प्रतिशत निकाल्नुपर्छ। आधारभूत तहको कक्षा १-३ को एकीकृत पाठ्यक्रमअनुसार प्रत्येक विषयको क्षेत्रगत उपलब्धि प्रतिशत निम्नलिखित सूत्र प्रयोग गरी नियमित सिकाइ पश्चात् र थप सहायता पश्चात् गरी दुई पटक निकाल्नुपर्छ र उक्त थिमगत रूपमा निकालिएको प्रतिशतका आधारमा थिमगत रूपमा ग्रेड पनि दिन सकिन्छ :

**विषय क्षेत्रगत** उपलब्धि प्रतिशत सूत्र =

$$\frac{\text{थिमअन्तर्गत सबै सिकाइ उपलब्धिमा विद्यार्थीले प्राप्त गरेको स्तरको अङ्कको जोड}}{\text{थिममा रहेका सिकाइ उपलब्धिहरूको सङ्ख्या X ४}} \times १००$$

सबै विषयको विषयगत उपलब्धि प्रतिशत र ग्रेड निकालिसकेपछि तलको अभिलेखीकरण तालिकामा उपलब्धि प्रतिशत माथि उल्लिखित प्रतिशतको वर्गान्तरण तालिकाअनुसार राख्नुपर्छ ।

विषयगत रूपमा ग्रेड निर्धारण गरेपश्चात तपसीलको सूत्र प्रयोग गरी औसत स्तरीकृत अङ्क (GPA) निकाल्नुपर्छ  यसका लागि सर्वप्रथम तल तालिकामा दिइएअनुसार Weighted Grade Point (WGP) को योगफल निकाल्नु पर्छ ।

Sum of weighted Grade Point (WGP) = Credit hour of Nepali × Obtained GP in Nepali + Credit hour of English Obtained GP in English + Credit hour of Math × Obtained GP in Math + Credit hour of Our Surrounding × Obtained GP in Our Surrounding + Credit hour of Local subject Hamro Gaurav Mayadevi × Obtained GP in Hamro Gaurav Mayadevi.

अब निम्नअनुसार स्तरीकृत औसत अङ्क (GPA) निकालिन्छः

$$GPA = \frac{\text{Sum of WGP}}{\text{Total Credit of the class}}$$

| उपलब्धि प्रतिशत | स्तरीकृत अङ्क | अक्षरमा उपलब्धि स्तर | उपलब्धिस्तरको व्याख्या |
|---|---|---|---|
| ३५ भन्दा कम | - | NG | अवर्गीकृत (Not Graded) |
| ३५ र सोभन्दा माथि ४० भन्दा कम | १.६ | D | आधारभूत (Basic) |
| ४० र सोभन्दा माथि ५० भन्दा कम | २.० | C | ग्राह्य (Acceptable) |
| ५० र सोभन्दा माथि ६० भन्दा कम | २.४ | C+ | सन्तोषजनक (Satisfactory) |
| ६० र सोभन्दा माथि ७० भन्दा कम | २.८ | B | उत्तम (Good) |
| ७० र सोभन्दा माथि ८० भन्दा कम | ३.२ | B+ | उत्कृष्ट (Very Good) |
| ८० र सोभन्दा माथि ९० भन्दा कम | ३.६ | A | अत्युत्तम (Excellent) |
| ९० र सोभन्दा माथि | ४.० | A+ | सर्वोत्तम (Outstanding) |

### (ख) विद्यार्थी मूल्याङ्कन (कक्षा ४-८)

पाठ्यक्रमले अपेक्षा गरेका सक्षमता र सिकाइ उपलब्धि हासिल भए नभएको सुनिश्चत गर्न निर्माणात्मक र निर्णयात्मक दुवै किसिमका मूल्याङ्कन गरिने छ । निर्माणात्मक मूल्याङ्कनको मुख्य उद्देश्य निरन्तर मूल्याङ्कन र पृष्ठपोषणका माध्यमबाट विद्यार्थीको सिकाइमा सुधार गर्नु हो । सिकाइका लागि गरिने यस्तो निर्माणात्मक मूल्याङ्कन शिक्षण सिकाइ प्रक्रियाको अभिन्न अङ्गका रूपमा रहनु पर्दछ। निर्माणात्मक मूल्याङ्कनमा विद्यार्थीको मूल्याङ्कनका लागि विभिन्न औपचारिक तथा अनौपचारिक तरिका प्रयोग गर्नुपर्छ। निर्माणात्मक मूल्याङ्कनमा कक्षा क्रियाकलाप, विद्यार्थीका कार्य तथा कार्यसम्पादनको अवलोकन, गृहकार्य, परियोजना कार्य, मौखिक तथा लिखित कार्य, एकाइ तथा त्रैमासिक परीक्षाहरू, स्व तथा सहपाठी मूल्याङ्कन लगायतका साधन प्रयोग गर्न सकिन्छ । विद्यार्थी मूल्याङ्कन गर्दा मुख्य सिकाइ उपलब्धि विद्यार्थीले हासिल गरेको सिकाइ स्तरको मूल्याङ्कनका लागि विद्यार्थीका कार्य तथा समस्या समाधानको अवलोकन, मौखिक तथा लिखित प्रश्नोत्तर, कक्षा तथा एकाइ परीक्षा, व्यवहार अवलोकनलगायतका तरिका प्रयोग गर्न सकिन्छ । यसका लागि रूजूसूची, श्रेणी मापनलगायतका व्यवहार अवलोकन फारम, विभिन्न तहका सिकाइ क्षमता मापन गर्ने प्रश्नहरू, व्यवहारिक समस्यालगायत कक्षा सहभागिता, कक्षा कार्य, गृहकार्य, परियोजना कार्य, प्रयोगात्मक कार्य आदिमा विद्यार्थीको सहभागिता र उपलब्धिका विषयमा शिक्षकको अभिलेख वा नोट आदि मुख्य सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइ स्तर मूल्याङ्कन गर्न प्रयोग हुनसक्ने साधनहरू हुन् । यस्तो मूल्याङ्कन विषयवस्तुको प्रत्येक क्षेत्र वा एकाइको सिकाइपश्चात् गरी सो क्षेत्र वा एकाइअन्तर्गतका मुख्य सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइ स्तर परीक्षण विभिन्न साधनहरूको प्रयोगबाट गर्नपर्छ । यसरी सिकाइ उपलब्धि परीक्षण गर्दा विद्यार्थीले न्यूनतम सिकाइ स्तर हासिल गरेको नपाइएमा सुधारात्मक सिकाइको अवसर प्रदान गरी पुनः परीक्षण गरी न्यूनतम सिकाइस्तर सुनिश्चित गरी थप वा माथिल्लो स्तरको सिकाइको अवसर प्रदान गर्नुपर्दछ । पटकपटकको सुधारात्मक सिकाइ पश्चात पनि न्यूनतम स्तरको सिकाइस्तर हासिल गर्न नसक्ने विद्यार्थीका लागि उपचारात्मक सिकाइको योजना निर्माण गरी त्यस्ता विद्यार्थीलाई सहयोग गर्नु पर्दछ ।

### (क) आन्तरिक मूल्याङ्कन

आन्तरिक मूल्याङ्कनको अङ्कको निश्चित भार आन्तरिक मूल्याङ्कनका रूपमा अभिलेखित गर्नुपर्छ। यसका लागि आन्तरिक मूल्याङ्कनलाई अभिलेखित गरी प्रत्येक विद्यार्थीको कार्यसञ्चयिका व्यवस्थित गरी राख्नुपर्छ । यस्तो अभिलेखका आधारमा निम्नलिखित पक्षमा तोकिएअनुसारको भारको अङ्क आन्तरिक मूल्याङ्कनका रूपमा समावेश गरिने छ :

**(ख) निर्माणात्मक/प्रयोगात्मक परीक्षा**

**कक्षा : ४-८**

औसत अङ्क विशिष्टीकरण तालिका (निर्माणात्मक मूल्याङ्कन)/ आन्तरिक मूल्याङ्कन

| | | |
|---|---|---|
| सहभागिता | उपस्थिति | २ |
| | समूहकार्य | १ |
| | कक्षाकार्य ,गृहकार्य | १ |
| परियोजना कार्य | अध्ययन प्रतिवेदन लेखन | १६ |
| | रचनात्मक कार्य | १० |
| | नक्साकार्य,चित्रलेखन | १० |
| त्रैमासिक परीक्षा | प्रथम त्रैमासिक परीक्षा | ५ |
| | दोस्रो त्रैमासिक परीक्षा | ५ |
| जम्मा | | ५० |

उल्लिखित कार्य विवरणलाई अनिवार्य विषयमा जस्तै चारओटा आधारमा मूल्याङ्कन गरी अभिलेखीकरण गर्नुपर्ने छ ।

**(ख) आवधिक/बाह्य मूल्याङ्कन**

निर्णयात्मक मूल्याङ्कनमा अन्तिम परीक्षाको भार ५० प्रतिशत हुनेछ । प्रत्येक परीक्षामा प्रश्न सोध्दा शैक्षिक सत्रको सुरूदेखि पढाइ भएका सबै पाठहरूबाट समेटिएको हुनुपर्नेछ। यस विषयको परीक्षामा विशेष गरेर ज्ञान र बोध, प्रयोग र उच्च दक्षतामा आधारित हुनेछन् । पाठ्यक्रमले निर्धारण गरेका उद्देश्यअनुरूप विद्यार्थीहरूले ज्ञान, सिप, अभिवृत्ति प्राप्त गरे नगरेको मूल्याङ्कन गरी त्यसको आधारमा प्रमाणीकरण गरिन्छ। अन्तिम परीक्षाको प्रश्नपत्र निर्माण गर्दा तपसिलको विशिष्टीकरण तालिकाको आधारमा गरिनेछ । यस पाठ्यक्रममा कक्षा ४-८ को विशिष्टीकरण तालिका विकास गरिएको छ। यसलाई आधार मानेर विद्यालयले अन्तिम परीक्षा (५० पूर्णांकको परीक्षा) को प्रश्नपत्र बनाई मूल्याङ्कन गर्नुपर्ने छ।

**(ग) निर्णयात्मक (आवधिक) परीक्षा**

कक्षा : ४-८ पूर्णाङ्क : ५० उत्तीर्णाङ्क : अक्षराङ्कमा मूल्याङ्कन गरिने औसत

प्रश्न तालिका (तहगत रूपमा)

| ज्ञान तह (Knowledge Level) | बोध तह (Understanding Level) | उच्च तह (Higher Abilities) |
|---|---|---|
| ४० % | ४० % | २० % |

कक्षा ४ देखि ८ सम्म त्रैमासिक र वार्षिक परीक्षा गर्ने व्यवस्था गरिएको छ। त्रैमासिक अवधिको

आन्तरिक मूल्याङ्कन गर्दा निम्नअनुसार कार्य गर्नुपर्छ :

- आन्तरिक मूल्याङ्कनअन्तर्गत सहभागिताबापत ४, प्रयोगात्मक तथा परियोजना कार्यबापत ३६ र त्रैमासिक परीक्षाबाट प्राप्त १० अङ्कभारमा विद्यार्थीले पाएको अङ्कभार लेख्ने
- त्रैमासिक परीक्षाको लागि ५० अङ्कभारमा परीक्षा सञ्चालन गरी १० अङ्कभारमा रूपान्तरण गर्ने
- वर्गान्तर तालिकाअनुसार विद्यार्थीले पाएको जम्मा अङ्कभारलाई ग्रेडमा उल्लेख गर्ने ।

## (घ) कक्षा ४-८ को प्रश्नपत्र निर्माण योजना (Specification Grid)

| प्रश्न / क्षेत्र | सङ्क्षिप्त उत्तर आउने प्रश्न | | | छोटो उत्तर आउने प्रश्न | | | लामो उत्तर आउने प्रश्न | | | जम्मा प्रश्न सङ्ख्या | पूर्णाङ्क |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | प्रश्न सङ्ख्या | अङ्क भार | जम्मा अङ्क | प्रश्न सङ्ख्या | अङ्क भार | जम्मा अङ्क | प्रश्न सङ्ख्या | अङ्क भार | जम्मा अङ्क | | |
| **हाम्रो गौरव मायादेवी** | २ | १ | २ | | | | १ | ५ | ५ | ३ | ७ |
| **हाम्रा नैतिक मूल्य मान्यता र सदाचार** | १ | १ | १ | १ | ३ | ३ | | | | २ | ४ |
| **स्वास्थ्य, सरसफाइ र वातावरण** | १ | १ | १ | १ | ३ | ३ | | | | २ | ४ |
| **हाम्रो धर्म, संस्कृति, भाषा र पर्यटन** | १ | १ | १ | | | | १ | ५ | ५ | २ | ६ |
| **स्थानीय परम्परा पेसा, व्यवसाय, उद्यमशीलता र प्रविधि** | १ | १ | १ | १ | ३ | ३ | | | | २ | १३ |
| **प्रकोप र विपत् व्यवस्थापन** | १ | १ | १ | १ | ३ | ३ | | | | २ | ४ |
| **कृषि तथा स्थानीय उत्पादन** | २ | १ | २ | २ | ३ | ६ | १ | ५ | ५ | ५ | १३ |
| **योग-ध्यान, स्थानीय खेल र प्राकृतिक चिकित्सा** | १ | १ | १ | १ | ३ | ३ | | | | २ | ४ |
| **स्थानीय सङ्घसंस्था र व्यक्ति** | १ | १ | १ | १ | ३ | ३ | | | | २ | ४ |
| **जम्मा** | **११** | | **११** | **८** | | **२४** | **३** | | **१५** | **२२** | **५०** |

**नोट :** प्रश्न निर्माण गर्दा ज्ञान, बोध र उच्च तह (प्रयोग, विश्लेषण, संश्लेषण र मूल्याङ्कन) का प्रश्नहरू निर्माण गर्नुपर्दछ ।
ज्ञान तहका प्रश्नका लागि अति छोटा प्रश्न, बहुवैकल्पिक प्रश्न, खाली ठाउँ भर्ने प्रश्न राख्नुपर्ने छ ।

## विद्यार्थीको वैयक्तिक तथा पारिवारिक विवरण

विद्यालयको नाम : ................................................................................................
ठेगाना :.......................................... विद्यार्थीको नाम :..............................................
जन्म मिति : ......................................................कक्षा/रोल न.. :............................
विद्यार्थीको घरको ठेगाना : ..........................................................................................
पारिवारिक विवरण : आमाको नाम : ......................................पेसा : ...................
सम्पर्क नं. : .......................... बाबुको नाम : ......................................................
पेसा : .................................. सम्पर्क नं. : ..........................
बाबुआमाबाहेक अरू कसैले अभिभावकत्व लिएको भएमा स्थानीय अभिभावकको नाम : ..
................................................पेसा : ................. सम्पर्क नं. : ....................
विद्यार्थीसँगको नाता : ...................... विद्यालय भर्ना मिति : ........................................

स्वास्थ्य सम्बन्धी विवरण
**मिति**:............................ **तौल (के.जी.मा)** :...................... **उचाइ (से.मि.मा)** :.............
कुनै विशेष रोग वा शारीरिक अपाङ्गता भएमा सो बारे टिपोटः .....................................
........................................................................................................

शिक्षकको नाम र सही : ....................................    मिति : ....................

**सन्दर्भसामग्री**


- *नेपालको संविधान, २०७२,* काठमाडौँ : नेपाल सरकार कानुन किताब समिति ।
- *स्थानीय सरकार सञ्चालन ऐन, २०७४,* काठमाडौँ : नेपाल सरकार कानुन किताब समिति ।
- *राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६,* भक्तपुर : पाठ्यक्रम विकास केन्द्र, सानोठिमी ।
- *विद्यार्थी मूल्याङ्कन मार्गदर्शन २०७६,* भक्तपुर : पाठ्यक्रम विकास केन्द्र, सानोठिमी ।
- *स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयन मार्गदर्शन (मातृभाषा सहित), २०७६* भक्तपुर : पाठ्यक्रम विकास केन्द्र, सानोठिमी ।


## स्थानीय पाठ्यक्रम निर्माणका क्रममा सुझाव प्रदान गर्नुहुने प्रधानाध्यापक तथा शिक्षक तथा सरोकारवालाहरू

सूर्यनारायण गुप्ता
तारिक पठान
लक्ष्मी भुसाल
मजिवुर रहमान
अगुन माउव
मोहम्मद राज फकीर
पूर्णवासी लोध
तीर्थप्रसाद विश्वकर्मा
राजेश यादव
उर्मिला चौधरी
अरूणकुमारी तिवारी
राजेशकुमार मणि त्रिपाठी
सतीशचन्द्र मणि त्रिपाठी
चन्द्रभूषण द्विवेदी
सञ्जय कुमार कर्ण
जुवेर अहमद
बद्री पाल
अब्दुल हलान
प्रदीपकुमार गुप्ता
मोहम्मद हकीम
जंगबहादुर गुप्ता
राम सुमेर यादव
विष्णुकुमार थापा
कपिलेश्वर चौवे
निरजकुमार यादव
शिवनारायण माली
प्रमोद यादव
रदिकान्त उपाध्याय
सुशीला वि.क.
गम्भीर गुरुङ